मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily



आयोजनालाई गति दिन उपप्रधानमन्त्री को आग्रह

पृष्ठ ५ मा

वर्ष १ | अंक ७६ | २०७९ साल माघ १० गते मंगलवार | Tuesday 24, Jan. 2023 | पृष्ठ ८ | मूल्य रु. ५/-



मधेश विश्वविद्यालयलाई पर्साको बहुदरमाई नगरपालिकाले वडा नम्बर २ बैरियाविर्ता स्थित ३० विगाहा ऐलानी जग्गा दिने निर्णय गरिएको जग्गा ।
*तस्विर : मधेशदृष्टि*

# गृहमन्त्रीको राजीनामा माग्दै विरोध प्रदर्शन

## प्रहरी प्रशासनकै लापरवाहीले अपहरित युवकको हत्या भएको आरोप

मधेशदृष्टि
जनकपुरधाम, ९माघ । प्रहरी प्रशासनकै लापरवाही कारण अपहरित जनकपुरधामका दुई युवकको हत्या भएको भन्दै गृहमन्त्री रवि लामिछाने र धनुषा प्रहरी प्रमुख विश्वराज खड्काको राजीनामा माग गर्दै जनकपुरधाममा विरोध प्रदर्शन गरिएको छ ।





अपहरित जनकपुरधामका ८ बस्ने जगदिश साहका २२ वर्षीय छोरा रोहित साह र वडा नम्बर-१३ बस्ने रामबाबु साहका २५ वर्षीय छोरा विष्णु साहको प्रहरी प्रशासनकै लापरवाहीका कारण हत्या भएको आरोप लगाउँदै पिडीत परिवार तथा स्थानीयले सोमवार विरोध प्रदर्शन तथा जिल्ला प्रहरी कार्यालय घेराउ गरेका छन् ।

मृतकका परिवारजन र स्थानीयबासीले जनकपुरधाम-९ पिडारी चोकमा केही बेर चक्काजाम गरी विरोध प्रदर्शन गर्दै जिल्ला प्रहरी कार्यालय पुगेका थिए । उनीहरुले प्रहरी प्रशासनले समयमै एक्सन लिएको भए अपहरित ती युकहरुलाई बचाउन सकिन्थ्यो । तर तिनीहरुको कमी कमजोरी र लापरवाहीका कारण हत्या हुन गएको आरोप छ ।

प्रदर्शनकारीहरुले गृहमन्त्री रवि लामिछाने र धनुषा प्रहरी प्रमुख खड्काको राजनीमा, घटनाको निष्पक्ष छानबीन र घटनामा संलग्नहरुलाई फाँसी तथा पिडीत परिवारलाई उचित क्षतिपूर्ति दिन माग गरेका छन् । अपहरित युवकको हत्या भएको कुरा बाहिरिएपछि धनुषा प्रहरी प्रमुख खड्काले पिडीत परिवारले फोन कल रेकर्ड उपलब्ध नगराएको कारण बचाउन सकिएन भन्ने सञ्चार माध्यमहरुमा अभिव्यक्ति दिएका थिए ।

प्रहरी प्रमुख खड्काको अभिव्यक्तिप्रति पिडीत परिवारजनले झन आक्रोशित भएका छन् । प्रहरीको अभिव्यक्तिप्रति आपति जनाउँदै मृतकका काका बजरंग साहले आफूहरु अपहरणकारीसँग भएका हरेक कुराको कल रेकर्ड र घटनामा संलग्नहरुको पहिचान खुलाएर जानकारी दिएपनि समयमा एक्सन नलिंदा हत्या हुन गएको आरोप लगाएका छन । उनले भने आफूहरुले अपहरणकारीसँग भएको कुराको हरेक कल रेकर्ड तुरुन्त प्रहरीलाई पठाउने गरेपनि अहिले प्रहरीले मिडियामा झुठो बयान दिएर

*- बाँकी पृष्ठ ६ मा*

# विवादले नारायणी अस्पतालको भवन निर्माण अलपत्र

मधेशदृष्टि
बीरगंज, ९ माघ । बीरगंज स्थित नारायणी अस्पतालमा निर्माण गर्ने भनिएको ५ सय शैयाको भवन ठेकेदार कम्पनी र शहरी विकास भवन निर्माण विभागको विवादका कारण ५ बर्ष देखि अलपत्र परेको छ ।





भवन निर्माणको लागि ठेक्का पाएको कम्पनी र सहरी विकास तथा भवन निर्माण विभाग बिच ठेक्का प्रक्रियाका विषयमा विवाद भएसँगै अदालतमा मुद्दा परेको र सो मुद्दा टुङ्गो नलागेको कारण नारायणी अस्पतालको थप ५ सय शैयाको भवन निर्माण कार्य अलपत्र परेको हो । स्वास्थ्य संरचना बनाउने जस्तो गम्भीर विषयमा सर्वोच्च अदालतले २ वर्ष सम्म निर्णय नदिँदा समस्या भएको अस्पताल प्रशासनले जनाएको छ । भवन निर्माणको लागि छनोट भएको कम्पनीको कागजात नमिलेको भन्दै भवन विभागले अदालतमा मुद्दा दायर गरेपछि २ वर्ष भित्र निर्माण सम्पन्न हुनुपर्ने भवन ५ वर्ष पुग्दा समेत सुरु हुन नसकेको छैन ।

सहरी विकास विभागले बनाएको भवनको नक्साका आधारमा २०७६ साल वैशाख ८ गते पहिलो पटक बोलपत्र आह्वान गरिएको थियो । पहिलो पटक आह्वान गरेको बोलपत्र पुरा हुन नसकेपछि सोही वर्षको जेठ ५ गते पुन दोस्रो पटक बोलपत्र आह्वान गरिएको नारायणी अस्पतालले जनाएको छ ।

वि.सं २०७६ जेठ १३ गते भवन विभागले २ अर्ब रुपैयाँ सम्मको राष्ट्रिय बोलपत्रमा सहभागीहरूको बारेमा सूचना जारी गरेको थियो । सो विरुद्ध उच्च अदालतमा मुद्दा परेपछि अस्थायी इजलास वीरगन्जले सो विषयमा स्टे अडर दिएको थियो ।

तर अन्तिम सुनुवाइमा उच्च अदालत जनकपुरले ठेक्का पाएको कम्पनीलाई पुनः मूल्याङ्कन गरी काम बढाउने फैसला दिएपछि भवन विभाग पुन सर्वोच्च अदालतमा पुगेको अस्पताल श्रोतले जनाएको छ ।

उच्च अदालतको सो फैसला विरुद्ध भवन विभाग ०७७ पुस २ मा सर्वोच्च अदालतमा गएको र सर्वोच्चले दुई वर्षदेखिको सो मुद्दा नटुंग्याइदिदा वीरगञ्जको नारायणी अस्पतालले सुविधा सम्पन्न भवन निर्माण गरी सेवा दिने सपना रोकिएको नारायणी अस्पतालका चिकित्सकहरुको भनाई छ ।

# उपराष्ट्रपतिको दौडमा माओवादीका यादव र साह

मधेशदृष्टि
काठमाडौं, ९ माघ । उपराष्ट्रपति पद माओवादी केन्द्रले पाउने सत्ता गठबन्धनको भागबण्डा सहमति पाउने निश्चित छ । उपराष्ट्रपति नन्दबहादुर पुन 'पासाङ'को कार्यकाल सकिन लागेसँगै सो पद आफ्नो पार्टीको कोटामै पर्ने सम्भावना देखेर माओवादी केन्द्रमा नेताहरुको दौडधूप शुरु भएको छ ।

उपराष्ट्रपतिको कार्यकाल सकिन लागेपनि नयाँ चुनावको मिति पनि टुंगो लागेको छैन । तर, उपराष्ट्रपति बन्न माओवादी केन्द्रमा दौडधुप सुरु भइसकेको हो । पार्टीका सिनियर नेताहरू उपराष्ट्रपतिको दौडमा देखिएका छन् ।

यसरी उपराष्ट्रपतिको दौडमा पार्टीका उपमहासचिव मातृकाप्रसाद यादव, सचिव गणेश साह, स्थायी समिति सदस्य जयपुरी घर्ती, पूर्णकुमारी सुवेदी र यशोदाकुमारी सुवेदी गुरुङ छन् । यस्तै सचिव दिनानाथ शर्मा, लीलामणि पोखरेल, डिलाराम आचार्य र पोलिटब्यूरो सदस्य रामेश्वर राय यादव पनि उपराष्ट्रपतिको दौडमा छन् ।



उनीहरुले पार्टी अध्यक्ष एवम् प्रधानमन्त्री पुष्पकमल दाहाल ' प्रचण्ड' सहित शीर्ष नेताहरूलाई भेटेर आफ्नो पक्षमा लबिङ गरिरहेको नेताहरूको भनाइ छ । धनुषा घर भएका पार्टी उपमहासचिव मातृकाप्रसाद यादव र सचिव गणेश साहले उपराष्ट्रपति बनाउन प्रधानमन्त्री प्रचण्डलाई इच्छा देखाउँदै दबाब दिइरहेका छन् । यदि आफूहरूलाई उपराष्ट्रपति प्रस्ताव गरेमा लिने पक्षमा उनीहरू छन् । यादवले भने 'मैले उपराष्ट्रपति वा अन्य कुनै पदमा दाबी गरेको छैन

*- बाँकी पृष्ठ ६ मा*

# यातायात कार्यालयबाट ५ जना बिचौलिया पक्राउ



मधेशदृष्टि
बीरगंज, ९ माघ । पर्सा प्रहरीले यातायात कार्यालय नारायणी लाईसेन्स शाखाका सेवाग्राहीलाई दुःख दिने ५ जना विचौलियालाई पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको क्राईम ब्रान्चको टोलीले सोमवार अपरान्ह यातायात कार्यालय नारायणी बीरगंजको लाईसेन्स शाखामा काम गरि दिने वहानामा सेवाग्राहीलाई अनावश्यक रुपमा ठगी गर्ने ५ जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवं डिएसपी दिपक गिरीले जनाएको छ । यातायात कार्यालयमा लेखापढीको काम गर्ने केही व्यक्तिहरुले सेवाग्राहीलाई दुःख दिएको गुनासो आएपछि प्रहरीले उनिहरुलाई आज यातायात कार्यालयबाट नियन्त्रणमा लिएको डिएसपी गिरीले बताए । पक्राउ पर्नेहरुमा वीरगंज महानगरपालिका वडा नम्बर १२ श्रीपुर निवासी प्रकाश महतो, वडा नम्बर ११ श्रीपुर निवासी राजेश लामा, अवधेश महतो, वीरगंज महानगरपालिका वडा नम्बर १५ निवासी अखलेश पटेल र वारा जिल्ला विश्रामपुर गाउँपालिका वडा नम्बर १ निवासी राजेश्वर यादव रहेका छन । अभियुक्तहरुलाई प्रहरी हिरासतमा राखि थप अनुसन्धान भई रहेको डिएसपी गिरीले बताए ।

## जाडोमा अपनाउनुपर्ने सावधानीहरु

*केही समय यता बढ्दो चिसो शीतलहरले गर्दा जनजीवन प्रभावित पारेको छ । त्यसैले चिसोबाट बच्न यी उपायहरु अपनाऔं ।*

- शरीरको सबै भाग ढाक्ने गरी बाक्लो तथा न्यानो लुगा लगाऔं ।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा दर्घ रोगीहरुलाई चिसोबाट बचाऔं ।
- आमाको दुध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त मात्रामा सेवन गरौं, धुम्रपान तथा मधपान नगरौं ।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या जस्तै ज्वरो आएमा, झाडा पखाला लागेमा, दम बढेमा, खोकी लागेमा घ्यार-घ्यार भएमा, श्वास फेर्न कठिनाई भएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- सुत्ने कोठामा आगो, हिटर, मकल, कोइला ब्रिकेट आदि बाली झयाल ढोका बन्द गरेर कहिल्यै नसुतौं ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछाडौं ।

**लहान नगरपालिका**
सिरहा, मधेश प्रदेश

## जाडोमा अपनाउनुपर्ने सावधानीहरु

*केही समय यता बढ्दो चिसो शीतलहरले गर्दा जनजीवन प्रभावित पारेको छ । त्यसैले चिसोबाट बच्न यी उपायहरु अपनाऔं ।*

- शरीरको सबै भाग ढाक्ने गरी बाक्लो तथा न्यानो लुगा लगाऔं ।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा दर्घ रोगीहरुलाई चिसोबाट बचाऔं ।
- आमाको दुध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त मात्रामा सेवन गरौं, धुम्रपान तथा मधपान नगरौं ।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या जस्तै ज्वरो आएमा, झाडा पखाला लागेमा, दम बढेमा, खोकी लागेमा घ्यार-घ्यार भएमा, श्वास फेर्न कठिनाई भएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- सुत्ने कोठामा आगो, हिटर, मकल, कोइला ब्रिकेट आदि बाली झयाल ढोका बन्द गरेर कहिल्यै नसुतौं ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछाडौं ।

**सिरहा नगरपालिका**
सिरहा, मधेश प्रदेश

# गरुडाका स्वास्थ्य संस्थाहरूमा ल्यापटप, प्रिन्टर सहित औषधी वितरण



आरके श्रीवास्तव

गरूडा, ९ माघ । रौतहटको मध्य भाग गरुडा नगरपालिकाका स्वास्थ्य संस्थाहरूमा ल्यापटप,प्रिन्टर सहित औषधी वितरण गरिएको छ । मेयर कन्थमनी जयसवालले आज स्वास्थ्य संस्थाहरुमा ल्यापटप , प्रिन्टर लगायत विभिन्न औषधीहरु वितरण गरेका छन । नगर प्रमुख जयसवालले सोमबार आफ्नो नगर क्षेत्रभित्र रहेको ९ ओटै स्वास्थ्य संस्थाहरूमा एक एक सृट ल्यापटप ,प्रिन्टर हस्तान्तरण गर्नु भएको छ । ती ठाउँहरूमा आवश्यक कार्यहरु गर्नका लागी ल्यापटप तथा प्रिन्टरहरू आवश्यक भएकाले आफुले सहज रुपमा सेवाग्राहीहरुलाई सेवा प्रदान गराउन सो सामग्री हस्तान्तरण गरेको मेयर जयसवालको भनाइ छ । साथै नगर प्रमुख जयसवालले ती सबै स्वास्थ्य संस्थाहरूमा ७६ प्रकारका विभिन्न औषधीहरु समेत उपलब्ध गराउनु भएको छ । नगरवासीको स्वास्थ्यको मध्यनजर गरि औषधीको अभाव हुन नदिन औषधीहरु वितरण गरेका हुन् । पछिल्लो समय गरूडा नगरपालिका स्वास्थ्य क्षेत्रको अवस्था सुधार गर्न तर्फ लागेको हो । सबै स्वास्थ्य संस्थाका इन्चार्जहरूले ती सामानहरू बुझेर लगेका थिए । सो अवसरमा उपमेयर पुनम चौधरी,वडा नम्बर ५ का वडा अध्यक्ष रामबिनोद जयसवाल सहितका व्यक्तिहरूको उपस्थिति रहेको थियो ।

# कांग्रेसले पायो प्रमुख प्रतिपक्षी दलको मान्यता

मधेशदृष्टि

जनकपुरधाम, ९ माघ । संसद सचिवालयले प्रधानमन्त्रीलाई विश्वासको मत दिएका कांग्रेसलाई प्रमुख प्रतिपक्षी दलको मान्यता दिएको छ ।

कांग्रेसले विपक्षी दलको नेताको सेवा सुविधाको लागि पठाएको पत्रको जवाफ लेख्दै सचिवालयले संघीय संसदका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन २०७३ को अनुसूची एक र २ बमोजिम सेवा सुविधा देउवाले विपक्षी दलको नेताको हैसियतमा पाउने जनाएको छ ।

सचिवालयले कांग्रेस संसदीय दलका नेता शेरबहादुर देउवालाई विपक्षी दलको नेताको हैसियतले प्राप्त गर्ने सुविधा माग भइ आएकोमा संघीय संसदका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७३ का सम्बन्धित दफाहरू अनुसूची १ तथा अनुसूची २ बमोजिम हुने व्यहोराको पत्र पठाएको हो ।

कांग्रेसलाई सचिवालयले प्रमुख प्रतिपक्षी दलको मान्यता दिएपछि संवैधानिक परिषद्को सदस्य बन्ने बाटो खुलेको छ । नेमकिपाले कांग्रेसले प्रधानमन्त्रीलाई विश्वासको मत दिएको भन्दै आफूलाई प्रमुख प्रतिपक्षी दलको मान्यता दिन आग्रह गर्दै सचिवालयलाई पत्र पठाएको थियो ।

नेमकिपाले कांग्रेसले प्रधानमन्त्रीलाई विश्वासको मत दिएको भन्दै आफूलाई प्रमुख प्रतिपक्षी दलको मान्यता दिन आग्रह गर्दै सभामुख देवराज घिमिरेसमक्ष माग गरेको थियो । सभामुखलाई लिखित पत्र लेख्दै नेमकिपाका सांसद प्रेम सुवालले प्रमुख प्रतिपक्षीको मान्यता आफ्नो दललाई दिन माग गरेका थिए ।

तर ऐनमा १० प्रतिशत वा सोभन्दा बढी सदस्य भएको दलले प्रमुख प्रतिपक्षी दलको मान्यता पाउने उल्लेख छ । नेमकिपाको १० प्रतिशत हिस्सा पुग्दैन । विपक्षमा कुनै दलको १० प्रतिशत मत नभएमा सभामुखले तोकेको दललाई विपक्षी दल मानिने व्यवस्था छ ।


## जाडोमा अपनाउनुपर्ने सावधानीहरु

*केही समय यता बढ्दो चिसो शीतलहरले गर्दा जनजीवन प्रभावित पारेको छ । त्यसैले चिसोबाट बच्न यी उपायहरु अपनाऔं ।*

- ☞ शरीरको सबै भाग ढाक्ने गरी बाक्लो तथा न्यानो लुगा लगाऔं ।
- ☞ बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा दर्घ रोगीहरुलाई चिसोबाट बचाऔं ।
- ☞ आमाको दुध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- ☞ तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त मात्रामा सेवन गरौं, धुम्रपान तथा मधपान नगरौं ।
- ☞ स्वास्थ्य सम्बन्धी कुनै समस्या जस्तै ज्वरो आएमा, झाडा पखाला लागेमा, दम बढेमा, खोकी लागेमा घ्यार-घ्यार भएमा, श्वास फेर्न कठिनाई भएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- ☞ सुत्ने कोठामा आगो, हिटर, मकल, कोइला ब्रिकेट आदि बाली झयाल ढोका बन्द गरेर कहिल्यै नसुतौं ।
- ☞ आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछाडौं ।

सबैला नगरपालिका
धनुषा, मधेश प्रदेश


# केशोर र बयरको बजार बढ्दै



महोत्तरी, ९ माघ

मधेस प्रदेशको प्राचीन मिथिला क्षेत्रमा धार्मिक, सांस्कृतिक पर्वसँगै किसानका विभिन्न फसलको सम्बन्ध जोडिएको छ । श्रीपञ्चमी पर्व नजिकिएसँगै बयर (रूखमा फल्ने फलविशेष) र केशोर (माटोमुनि फल्ने फलविशेष) उत्पादन भएपछि किसान खुसी भएका छन् । अहिले यो पर्व नजिकिएसँगै महोत्तरीका हाटबजारमा केशोर र बयरको बजार बढेको छ ।

वसन्तपञ्चमी पनि भनिने यस पर्वमा सरस्वतीको पूजाका लागि बयर र केशोरको महत्व निकै हुन्छ । बस्ती/बस्तीका विद्यालय र घरघरै पनि उल्लासमय वातावरणमा मनाइने सरस्वती पूजामा प्रसादका रूपमा बयर र केशोरको प्रयोग गरिने भएकाले यो बेला यी उत्पादनले राम्रो बजार पाउँछन् । पर्व नजिकिँदै गर्दा किसान केशोर खन्न र बजार पुर्‍याउन तल्लीन देखिन्छन् ।

"लगातार बाक्लो हुस्सुसँगैको चिसो स्याँठले राम्ररी काम गर्न कठिन भए पनि केशोर बिक्रीको बेला भएकाले धमाधम खन्न लागेका छौँ", बर्दिबास-९ पशुपतिनगरका किसान रामविनोद महतोले भने , "अबका चार दिन केशोरले बजार पाउने त हो ।"

यस वर्ष श्रीपञ्चमी पर्व माघ मध्यअघि नै पर्दा केशोर खन्न ठीक बेला भए पनि लगातारको चिसोले यसमा कालो धब्बा लागेर दुःख दिएको सम्बद्ध किसानले बताए । बर्दिबास, गौशाला, भङ्गाहा र औरहीसहितका जिल्लाका उत्तरवर्ती नगर क्षेत्रका बस्तीमा केशोरको व्यावसायिक खेती हुँदै आएको छ । यस भेगको केशोर देशका विभिन्न भागका साथै भारतको पश्चिम बङ्गालसम्म पुग्ने हुँदा अहिले केशोरका व्यापारीको चहलपहल पनि बढेको छ ।

केशोरको व्यावसायिक खेती हुने भए पनि यहाँ बयरको भने व्यावसायिक खेती फस्टाएको छैन । उन्नत जातका बयरका बिरुवा नरोपिँदा यहाँको बजारमा पुराना बयरले माग धान्न नसकेपछि हाटबजारमा बाहिरबाट मनग्ये बयर आउने गरेको छ । "बयरका रूख त छन् तर उनै पुराना, जे फल्छन् भगवान् भरोसे, भङ्गाहा-४ पलारका किसान जयकरण बाँतरले भने ,"यो पनि वसन्तपञ्चमी ताका टिप्न सकिएन "भने झरेर खेर जान्छ, त्यसैले टिप्दैछौँ ।" यता उन्नत जातका बयरको खेती नथालिँदा भारतबाट आउने बयरमा आश्रित हुन परेको किसान बताउँछन् । स्थानीय सरकारले उन्नत जातका बयरका बिरुवा उपलब्ध गराइदिए आफूहरु खेती गर्न इच्छुक रहेको जयकरणकै छिमेकी महेश सर्दार बाँतरले बताए ।

यसैगरी माटोमुनि फल्ने केशोर तयार हुने समय पनि माघ मध्यभित्र नै हो । खन्न ढिलो हुनासाथ माटोमुनि नै फल कुहिँदै जाने, कालो धब्बा लाग्ने र स्वाद बिग्रने भएको हुँदा केशोर खन्न किसान व्यस्त देखिएका हुन् ।

"केशोर खन्न अब ढिलो गर्न हुन्न, श्रीपञ्चमी आउन अब केही दिनमात्र बाँकी छ, आउने बिहीबारसम्म पर्वका लागि यसको बजार हुन्छ, त्यसैले घरका सबै केशोर खन्न जुटेका छौँ", बर्दिबास-७ मनहरिपुरका किसान रोशन यादवले भने । टाढाटाढासम्म केशोर निर्यात गर्ने मनहरिपुरका किसान बारीमा फसल तयार भए पनि मौसमले राम्रो साथ नपाएको बताए । खनेको केशोर तत्कालै नबिग्रने हुँदा मनहरिपुरमा अहिले घरघरैजसो आँगनमा खनेका केशोरका थुप्रा देखिन्छन् ।जिल्लामा बयरको व्यावसायिकरुपमै खेती गर्ने किसान त थोरै छन् । तर केशोर खेती भने जिल्लाका उत्तरवर्ती क्षेत्रका बस्तीमा किसानले व्यापकरूपमा गर्दै आएका छन् । सरस्वती पूजाका बेला यस भेगमा उत्पादित केशोर मुलुकभित्रकै टाढाटाढाका बजार र भारतीय बजारसम्म पुग्ने गरेको गौशाला-१० का किसान अरुण कुशवाहाले बताए ।

स्वास्थ्यका दृष्टिले गुणकारी फल केशोर पर्वविशेषको प्रसाद सामग्रीमात्र नभई मौसममा फल्ने फलका रुपमा खाने चलन आमरूपमा बस्न सके यसको बजार विस्तार अझ हुने स्वास्थ्यकर्मीको भनाइ छ । खानामा अरुचि हटाउन, पाचनक्रिया मजबुत बनाउन, कोशिकाहरु सक्रिय बनाउन र रगत शुद्धीकरणका लागि पनि केशोर उपयोगी फल रहेको स्वास्थ्य कार्यालयका जनस्वास्थ्य निरीक्षक गिरेन्द्रकुमार झाले बताउनुभयो । अहिले उत्पादन भएको केशोर खनेर चिस्यानघरमा राख्नसके वैशाख/जेठको गर्मीयाममा राम्रो मूल्यमा बिक्री गर्न सकिन्छ तर चिस्यानघरको अभावमा केशोरलाई सुरक्षित राख्न कठिन भएको उहाँको गुनासो थियो । रासस

# गढिमाइमा किशोरी सिकाई केन्द्रको संयुक्त अनुगमन



आरके श्रीवास्तव

गरूडा, ९ माघ । रौतहटको गढिमाइ नगरपालिकाका विभिन्न वडामा संचालित किशोरी सिकाई केन्द्रहरुको नगर प्रमुख श्याम यादवको अध्यक्षतामा सोमबार संयुक्त अनुगमन सम्पन गरिएको छ ।

युके एड को आर्थिक सहयोगमा पिन नेपालको प्राबिधिक सहयोगमा तथा आसमान नेपालको आयोजनामा संचालित आरम्भ परियोजना अन्तर्गत संचालित सिकाई केन्द्रहरुको अनुगमन गरिएको हो । अनुगमनमा गढिमाइ नगरपालिकाका नगर प्रमुख यादवसँगै नि.प्रमुख प्रसकीय अधिकृत नागेन्द्र यादव, वडा नम्बर ७ का वडा अध्यक्ष तपेन्द्र यादव, शिक्षा संयोजक नागेन्द्र यादव,सह संयोजक संजय यादव,परियोजना संयोजक रामेश्वर साह, सामाजिक विकास शाखाको हरिन्द्र साह, कार्यपालिका सदस्य अमिरी बैठा त्यसै गरि आसमान नेपालका कार्यक्रम संयोजक जमुना श्रेष्ठ,प्राविधिक संयोजक सुशील थापा,शिक्षा अधिकृत अरविन्द कुमार साह लगायत संचारकर्मीको उपस्थिति रहेको थियो ।

गढिमाइ नगरपालिकामा १९ वटा किशोरी सिकाई केन्द्र मार्फत ३८७ जना किशोरीहरु सो कोशोरी सिकाई केन्द्रमा अध्ययनरत छन् जस मध्ये वडा नं ३,७ र ९ मा रहेको ९ वटा केन्द्रको अनुगमन गरिएको छ ।

अनुगमनको क्रममा किशोरीहरुको प्रगति बिवरण, सिकाई स्तर,केन्द्र व्यवस्थापन समिति, चेन्ज च्याम्पियन र अभिभावकको सहयोग तथा आएका समस्याहरुको बारेमा छलफल गरिएको थियो ।

समीक्षा कार्यक्रमलाई सम्बोधन गर्दै प्राविधिक संयोजक सुशील थापाले किशोरी सिकाइ केन्द्र लाई निरन्तरता दिन स्थानिय सरकार लाई अनुरोध गरे ।

अनुगमन पश्चात समीक्षाको क्रममा प्रमुख प्रशासकीय अधिकृत नागेन्द्र यादवले नगरभरि सञ्चालित सिकाइ केन्द्रहरू लाई निरन्तरता दिन सके नगरपालिकालाई साक्षर घोषणा गर्ने तर्फ धेरै सहयोग पुग्ने तर्फ जोड दिए । यसका लागि अगामी आर्थिक वर्षमा बजेट छुट्याउन पहल गर्ने प्रतिबद्धता जनाए । कार्यक्रमलाई समापन गर्दै नगर प्रमुख श्याम यादवले साक्षर पालिका घोषणा गर्न सिकाइ केन्द्रहरू राम्रो प्लेटफार्म रहेको भन्दै यसलाई निरन्तरता दिने प्रतिबद्धता जनाए ।


## जाडोमा अपनाउनुपर्ने सावधानीहरु

*केही समय यता बढ्दो चिसो शीतलहरले गर्दा जनजीवन प्रभावित पारेको छ । त्यसैले चिसोबाट बच्न यी उपायहरु अपनाऔं ।*

- ☞ शरीरको सबै भाग ढाक्ने गरी बाक्लो तथा न्यानो लुगा लगाऔं ।
- ☞ बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा दर्घ रोगीहरुलाई चिसोबाट बचाऔं ।
- ☞ आमाको दुध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- ☞ तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त मात्रामा सेवन गरौं, धुम्रपान तथा मधपान नगरौं ।
- ☞ स्वास्थ्य सम्बन्धी कुनै समस्या जस्तै ज्वरो आएमा, झाडा पखाला लागेमा, दम बढेमा, खोकी लागेमा घ्यार-घ्यार भएमा, श्वास फेर्न कठिनाई भएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- ☞ सुत्ने कोठामा आगो, हिटर, मकल, कोइला ब्रिकेट आदि बाली झयाल ढोका बन्द गरेर कहिल्यै नसुतौं ।
- ☞ आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछाडौं ।

धनौजी गाउँपालिका
धनुषा, मधेश प्रदेश


## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### धनुषा (०४१)

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

### महोत्तरी (०४४)

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

### रत्नसागर मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## मन्दिरको समय

### जानकी मन्दिर (प्रत्यके दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

### राम मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
आज फजुलको धन खर्च हुनसक्छ । घरायसी कामधन्दाका लागि खट्नु पर्ने छ । मनमा दुबिधा उत्पन्न हुनेछ । चोटपटकको भय छ सचेत रहनुहोला ।

**वृष- TAURUS** (इ,उ,ए,ओ,बा,बि,बु,बे,बो)
नयाँ काम सुरु गर्ने समय छ । जोशजाँगर र उमंग बढ्ला । आर्थिक कारोबारमा सफलता पाइएला । साथीभाइबाट बढी फाइदा लिने समय छ ।

**मिथुन - GEMINI** (का,कि,कु,घ,ङ,छ,के,को,ह)
उन्नति एवं प्रगतिको वातावरण बन्नेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ । वैदेशिक कार्य अघि बढ्नेछ । मेहनतीहरूका लागि दिन फलदायी रहनेछ ।

**कर्कट - CANCER** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
आज कुनै कुराले मन प्रसन्न रहनेछ । रोकिएको काम दोहोर्याएर गर्दा फाइदा हुनेछ । समाजसेवामा मन लाग्नेछ । विशिष्ट व्यक्तिको साथ पाइनेछ ।

**सिंह - LEO** (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)
दबाब र तनाव बढेको महसुस हुनेछ । ताके अनुरूप काम नबन्नाले दिक्क लाग्नेछ । जिद्दीपनाले गर्दा काम बिग्रने डर छ, तर आफन्तको साथ पाइनेछ ।

**कन्या - VIRGO** (टो,प,पि,पु,ष,ण,ठ,पे,पो)
आज एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । व्यापारमा मनग्ये धनलाभ हुनेछ । शुभकार्यको चर्चा चल्नेछ । भूमिबाट पनि लाभ रहला ।

**तुला - LIBRA** (र,रि,रु,रे,रो,ता,ति,तु,ते)
नयाँ व्यक्ति सँग भेटघाट हुनेछ । रोकिएको धन हात पर्ला । सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ ।

**वृश्चिक - SCORPIO** (तो,ना,नि,नु,ने,नो,या,यि,यु)
रोकिएका काम पुनः सुरु हुन सक्छन् । श्रमको उचित मूल्याङ्कन हुनेछ । व्यवसायको सन्दर्भमा आदर्श व्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ ।

**धनु- SAGITTARIUS** (ये,यो,भ,भि,भु,ध,फा,ढ,भे)
आज अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । अनावश्यक यात्रा रहला, तर मित्रबाट साथ र लाभ मिल्नेछ साथै सन्तान सुख पनि मिल्नेछ ।

**मकर - CAPRICORN** (भो,ज,जि,खि,खु,खे,खो,गा,गि)
शुभकार्यको चर्चा चल्नेछ । छोटो दुरीको लाभदायक यात्रा रहला । एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । आस मारेको काम बन्न सक्छ ।

**कुम्भ - AQUARIUS** (गु,गे,गो,सा,सि,सु,से,सो,द)
आज रचनात्मक काममा जुट्ने समय छ । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ । वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । प्रेम सम्बन्ध पनि कसिलो होला ।

**मीन - PISCES** (दि,दु,थ,झ,ञ,दे,दो,च,चि)
आज पारिवारिक साथ, जमघट र समर्थन पाइएला । विद्या र बुद्धिको विकास हुनेछ । आफ्नो परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला ।

# सरस्वती पुजाको मूर्ति बनाउन मूर्तिकारहरुलाई भ्याईनभ्याई



मधेशदृष्टि
बीरगंज, ९ माघ । आगामी माघ १२ गते हुने सरस्वती पुजाका लागि वीरगञ्जका मुर्तीकार हरुलाई भ्याईनभ्याई भएको छ ।
बीरगंजको मूर्ली चोकमा सरस्वतीको मूर्ति बनाउदै गरेका रंगलाल पंडितले कामको चटारोले बोल्ने फुर्सद समेत नभएको बताउदै सरस्वती पूजाको लागि स्कुल, कलेज, व्यापारिक घरनाहरुले समेत मूर्ति खरिदका लागि अग्रिम भुक्तानी तथा अडर दिएकाले मूर्ति बनाउने काम भ्याईनभ्याई भएको बताए ।
बीरगंजमा सरस्वती र विश्वकर्मा बाबाको पूजाको लागि मूर्ति खोज्ने ग्राहकको संख्या उल्लेख्य भएकोले यो सिजनमा मूर्ति बनाउने काममा पंडित झै झण्डै दुई दर्जनको हाराहारीमा रहेका मुर्तीकारहरु व्यस्त हुने गर्दछन । बीरगंजसँगै वारा पर्साका विद्यालयहरुले समेत सरस्वती पुजाको लागि बीरगंजबाट मूर्तिहरु अर्डर गर्ने भएकाले यहाँका मुर्तिकारहरु अहिले दिनरात नभनि कठ्यांग्रिदो जाडोमा पनि काममा व्यस्त भएका छन ।सङ्गीत, ज्ञान अनि विद्याकी देवी सरस्वती सेतो वस्त्र लगाएर हातमा वीणा र वरदान दिने स्फटीकको मालासहित सुशोभित भएको मूर्ति बनउन लाग्ने समय र श्रमको समेत हिसाव गर्दा एउटा मूर्तिको लागत ३ हजार देखि २० हजार सम्म पर्ने गरेको पंडितले बताए । आफूसँग अहिले ६०/७० वटा मूर्तीको अडर आइसकेको र यस पटक १ सय वटा सरस्वतीको मुर्ती बेच्ने योजनामा आफू रहेको पंडितले बताए । अहिले दिनरात नभनि मुर्तिलाई अन्तिम रुप दिनको लागि आफू काम गरिरहेको बताउदै नेपालमा तिन तहको सरकार भए पनि कलाकर्मीहरुको संरक्षण गर्न कसैले चासो नदेखाएकोमा पंडितले गुनासो गर्नुभयो । वीरगञ्जको लाल बङगला नजिकै मुर्ती बनाई रहनु भएका पर्सा धोविनी गाउँपालिका बखरी टोलका अजय बैठाले मुर्ती बनाउन दुई चार दिन भ्याईनभ्याई भएपनि यसैको कमाईबाट बर्ष दिन परिवार पाल्न समस्या भएको बताए ।

# बरहथवामा पुरुष वडा सदस्यसंग अन्तरक्रिया



घनश्याम बलम्पाकी
सर्लाही ९ माघ । सर्लाहीको बरहथवामा सोमवार लैङ्गिक समानता तथा स्थानीय सरकारमा निर्वाचित महिला जनप्रतिनिधिहरुको भुमिकाका सम्बन्धमा पुरुष वडासदस्यहरु संगको अन्तरक्रिया गरिएको छ ।
आइफिएस नेपालको प्राविधिक सहयोग, स्विस सरकार विकास सहयोग (एसडिसी) र अष्ट्रेलियन सरकारको आर्थिक सहयोग र माण्डवीको आयोजनामा पुरुष वडासदस्यलाई राखेर अन्तरक्रिया गरिएको हो । उनीहरुलाई रमा पौडेल र प्रभु चौधरीले सहजीकरण गरेको माण्डवीका जिल्ला कार्यक्रम अधिकृत मनिल श्रेष्ठल जानकारी दिए । माण्डवीका जिल्ला कार्यक्रम अधिकृत मनिल श्रेष्ठको अध्यक्षतामा १ दिनेअन्तर्क्रृया सम्पन्न भएको छ । सोमवारको अन्तरक्रियामा सहभागी पुरुष वडा सदस्यहरुले महिलालाइ नेतृत्वदायी भुमिकामा ल्याउनका लागि चारवटा प्रतिबद्धता गरेका छन् । (१) जग्गा जमिनमा संयुक्त लाल पुजा् बनाउने (२) महिला जनप्रतिनिधि संजाल निर्माणमा महिलालाइ प्राथमिकता दिने (३) राजनितिक दलको मूल समितिमा महिलालाइ समावेश गर्न सहयोग गर्ने (४) छोरीलाइ उच्च शिक्षाको लागि जनचेतना कार्यक्रम गर्न महिला प्रतिनिधिलाइ प्राथमिकता दिने प्रतिबद्धता जनाएका छन् । यस परियोजनाले मुख्यतः कार्यक्रम संचालन भएका पालिकाहरुका वडा तहमा निर्वाचित महिलाहरुको योजना तथा निर्णय प्रकृयामा अर्थपुर्ण सहभागिताका लागि समग्र नेतृत्व क्षमता सुदृढ गर्ने लक्ष्य लिएको छ ।

# विमान दुर्घटनामा मृत्यु भएका दुई पत्रकारहरुको सम्झनामा श्रद्धान्जली सभा




आरके श्रीवास्तव
गरूडा,९ माघ । रौतहटको गौरमा आइतबार विमान दुर्घटनामा मृत्यु भएका दुइ पत्रकारहरुको सम्झनामा श्रद्धान्जली कार्यक्रम सम्पन्न गरेको छ । नेपाल पत्रकार महासंघ रौतहटको कार्यालयमा सम्पन्न सो कार्यक्रम पत्रकार महासंघ रौतहटको आयोजनामा सम्पन्न भएको हो । गत माघ १ गते पोखरा जहाजमा दुर्घटनामा मृत्यु भएका पत्रकार महासंघ नेपालका केन्द्रिय सदस्य त्रिभुवन पौडेल र पत्रकार अनिल शाहीको सम्झनामा श्रद्धान्जली कार्यक्रम सम्पन्न गरेको पत्रकार महासंघ रौतहटका अध्यक्ष प्रेमचन्द्र झाले जानकरी दिए ।
सो कार्यक्रममा विमान दुर्घटनामा पत्रकार द्धयको निधनले पत्रकारीता क्षेत्रमा ठुलो क्षति भएको प्रमुख अतिथि नेपाल पत्रकार महासंघ मधेश प्रदेशका सदस्य शैलेन्द्र झाले जिकिर गरेका छन । मिडिया काउन्सिल मधेश प्रदेशका कार्यवाहक अध्यक्ष कैलास दासले पत्रकार जगतमा मृतक द्धय पत्रकारको अतुलनिय योगदान रहेकाले उहाँको योगदानलाई हामीले जोगाइ राख्नु पर्ने बताउनु भयो । पत्रकार महासंघ रौतहटका अध्यक्ष समेत रहेका कार्यक्रमका सभाअध्यक्ष प्रेमचन्द्र झाले मृतक पत्रकारहरुको आत्माको शान्तिका लागी पत्रकार आचारसंहितामा रहेर सत्यतथ्य समाचारहरु सम्प्रेषणमा पत्रकार साथीहरुले जोड दिनु पर्नेमा सुझाव दिए । मृतक पत्रकार द्धयलाई पत्रकार महासंघले सदा सम्मानका साथ सधै सम्झिरहने बताए । कार्यक्रममा पत्रकार महासंघ रौतहटका उपाअध्यक्ष प्रविन शर्मा , वरिष्ट पत्रकार प्रभात झा लगायत रौतहटका अधिकांस पत्रकारहरुको सहभागीता रहेको थियो ।

# शिक्षा संयोजक यादवको चरम लापरबाही, ढिला गरि अर्धवार्षिक परीक्षा लिंदै

आरके श्रीवास्तव
गरूडा,९ माघ । रौतहटको देवाही गोनाही नगरपालिकामा शिक्षा संयोजक अरबिन्द यादवको चरम लापरबाही देखिएको छ । असोज/कार्तिक महिना लिनुपर्ने परीक्षा ४ महिना ढिला गरि अहिले अर्धवार्षिक परीक्षा सञ्चालन गराइ रहेका छन् । यसरी बिधार्थीको भविष्य सँग शिक्षा संयोजक यादव खुलम खुला खेलवाड गरिरहेका छन् ।
दशौं महिनामा आएर अर्धवार्षिक परीक्षा सञ्चालन गराइरहेका छन् । जबकि एक महिना पछि पुनः वार्षिक परीक्षा सञ्चालन गर्ने प्रावधान रहेको छ । शिक्षा शाखाका प्रमुख यादवले यसरी शिक्षामा लापरबाही गरेको देखिएको छ । बिधार्थीहरूको शिक्षाको गुणस्तर चेकजाँच गर्नलाई परिक्षा लिइन्छ । त्यही परीक्षा समयमा लिइएन भने त्यसको औचित्य नै नरहेको जानकारहरू बताउँछन् । यस विषयमा जिल्ला शिक्षा समन्वय इकाइ रौतहटका प्रमुख रामविनय कुमार सिंह सँग बुझ्दा अर्धवार्षिक परीक्षा लिनुपर्ने समय आसिन/कार्तिक हो । तर माघ महिनामा जाँच लिनु धेरै नै ढिलो भयो । समयमा नै गर्नुपर्ने हो । विस्तृत नपाका शिक्षा संयोजक सँग बुझ्न जवाफ दिए ।
यता यस विषयमा शिक्षा संयोजक अरबिन्द यादव सँग बुझ्दा चिसोका कारण परिक्षामा ढिलाइ भएको भन्दै जिम्मेवारी बाट पन्छिन खोजे । सरकारले समयमा काम गर्न लाई नै तलब सुविधा समेत उपलब्ध गराउँछ । तर त्यही कर्मचारी समयमा काम न गरि दिदाँको दिनप्रतिदिन शैक्षिक स्तरमा गिरावट आईरहेको छ ।

# पुस्तक तथा पत्रकार आचारसंहिता पुस्तिका हस्तान्तरण



आरके श्रीवास्तव
गरूडा, ९ माघ । मिडिया काउन्सिल मधेस प्रदेशका कार्यवाहक अध्यक्ष कैलाश दासले नेपाल पत्रकार महासंघका अध्यक्ष प्रेमचन्द्र झालाई पुस्तक तथा पत्रकार आचारसंहिता पुस्तिका हस्तान्तरण गरेका छन ।
नेपाल पत्रकार महासंघ रौतहटको कार्यालय गौरमा एक कार्यकर्ता बीच सो पुस्तक हस्तान्तरण गरिएको हो । सो अवसरमा नेपाल पत्रकार महासंध मधेश प्रदेशका सदस्य शैलेन्द्र झा , जिल्ला उपाध्यक्ष प्रविण कुमार शर्मा, वरिष्ठ पत्रकार प्रभात झा सहितका पत्रकारको उपस्थित रहेको थियो । सो अवसरमा रौतहटको पत्रकार तथा पत्रकारिता क्षेत्रले भोग्नु परेका समस्याको बारेमा समेत छलफल भएको थियो ।

# दृष्टिहीनलाई कम्बल वितरण

मधेशदृष्टि
बीरगंज, ९ माघ । त्रिजुद्ध माध्यमिक विद्यालयका दृष्टिहिन ९ जना वालबालिकालाई सोमवार एक कार्यक्रमका विच जाडोबाट बच्नका लागि कम्बल वितरण गरिएको छ । रोटरी क्लव अफ वीरगंज मेट्रोपोलिसद्वारा विद्यालयका ९ जना दृष्टिविहिन विद्यार्थीहरुलाई कम्बल वितरण गरिएको रोटरियन संजय जोशीले बताए । यसैबीच दृष्टिविहिन वालबालिकाका लागि स्व.गंगा देवी जोशीको स्मृतिमा इन्भटर र इन्भटरको ब्याट्री प्रदान गरिएको छ । विद्यालयलाई इन्भटर र इन्भटरको ब्याट्री संजय जोशी द्वारा हस्तान्तरण गरिएको थियो ।

# इम्प्रियल कलेजमा दन्त शिविर सम्पन्न

मधेशदृष्टि
बीरगंज, ९ माघ । वीरगञ्ज महानगरपालिका वडा नम्बर १२ स्थित इम्प्रियल कलेजमा दन्त शिविर सम्पन्न भएको छ ।
स्माइल डेण्टल केयर एण्ड पोलिक्लिनीकको सहयोगमा रुंगटा वैलफेयर सोसाइटीको आयोजनामा दन्त शिविर सम्पन्न भएको हो । शिविरमा स्माइल डेण्टल पोलिक्लिनिकका प्रबन्ध निर्देशक एवम् दन्त चिकित्सक डा. आमिर आलम र निकिता ठाकुरले विद्यार्थीहरुको दाँत चेकजाँच गरेको थियो ।

# मोटरसाइकल दुर्घट्नामा एक जनाको मृत्यु

घनश्याम बलम्पाकी
सर्लाही ९ माघ । जिल्लाको हरि पूर्वामा मोटरसाइकल अनियन्त्रित भएर पल्टिँदा चालकको मृत्यु भएको छ ।दुर्घटनामा हरिपूर्वा -९, का ३४ वर्षीय जोगी यादवको ज्यान गएको हो ।
हरिपूर्वा -१ अन्तर्गत भित्री सडकखण्डमा भारतीय नम्वर प्लेटको मोटरसाइकल आफैं अनियन्त्रित भई दुर्घटना हुँदा मोटरसाइकल चालक यादव गम्भीर घाइते भएका थिए ।
उनलाई जनकपुरमा सामान्य उपचार पश्चात थप उपचार गर्न काठमाडौंतर्फ लैजाँदै गर्दा बाटोमा नै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ । मृतकको शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल मलंगवामा राखिएको छ ।
दुर्घटनामा परेको मोटरसाइकल भारतीय नम्वर प्लेटको भए पनि नम्वर भने स्पष्ट हुन नसकेको प्रहरी नायव नीरीक्षक डिएसपी विजय श्रेष्ठले बताए ।

**Birgunj Metropolitan City**
**Office of Municipal Executive**

## Birgunj, Parsa

**NOTICE OF INVITATION FOR ELECTRONIC BIDS**

First Date of Publication: 2079/10/10 (24th January 2023)

1. Birgunj Metropolitan City, Birgunj, Parsa invites **electronic bids** from eligible Nepalese bidders for the following work:

| S.N O. | Contract No. | Name of Project | Cost Of Bid Document (NRs.) | Estimated Amount with VAT and PS (NRs.) | Bid Validity Period | Bid Security Amount (NRs.)/ Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | BMC/NCB/WORKS/2079/ 080/34 | Construction of Boundary wall and Maintenance Works at Landfill Site | 3,000.00 | 49,83,247.40 | 90 days | 1,20,000.00 / 120 days |
| 2 | BMC/NCB/WORKS/2079/ 080/35 | Construction of School Building at Dalit MuktiRamban, Birgunj-32 | 3,000.00 | 51,36,589.82 | 90 days | 1,30,000.00 / 120 days |
| 3 | BMC/NCB/WORKS/2079/ 080/36 | Construction of School Building at Ne Ra Pra Vi Mushaili, Birgunj-29 | 3,000.00 | 51,36,589.82 | 90 days | 1,30,000.00 / 120 days |
| 4 | BMC/NCB/WORKS/2079/ 080/37 | Construction of School Building at Nepal Red Cross Pra Vi Belwa, Birgunj-31 | 3,000.00 | 51,36,589.82 | 90 days | 1,30,000.00 / 120 days |
| 5 | **Deadline for Bid Submission:** | | 2079/11/11 (23rd February 2023) till 12:00 Noon | | | |
| 6 | **Date, Time and Place of Bid Opening:** | | 2079/11/11 (23rd February 2023) 1:00 PM at Birgunj Metropolitan City, Birgunj, Parsa | | | |
| 7 | **Account Number for Bid Document Purchase:** | | Name of Bank: Nabil Bank, Birgunj<br>Name of Office: Birgunj Metropolitan City, Birgunj, Parsa<br>Office Account no.: 0506017500073 | | | |
| 8 | **Account Number for Bid Security Deposit:** | | Account Name: Birgunj Metropolitan City<br>Bank Name: RastriyaBanijya Bank,Adarshnagar Branch, Birgunj<br>Account Number: 1250100303000002 | | | |

2. Eligible bidders may obtain further information and inspect the bidding document at Birgunj Metropolitan City, Birgunj, Parsaor may visit PPMO website **www.bolpatra.gov.np/egp.**
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. Bidders have to submit their bid electronically through e-GP system of PPMO website: **www.bolpatra.gov.np/egp**as specified in the Instructions to Bidders.
5. The office reserves right to accept or reject any or all bids without assigning reasons, whatsoever.

## सम्पादकीय

# भय, त्रास हटाउ

जनकपुरधामका दुई युवकको हत्याले अहिले नगरमा शोक छाएको छ । युवकका आफन्त, स्वजन लगायतका आम नागरिकमा घटनाले शोक र भयको वातावरण सृजना गरेको छ । करीब दुई साता अघि अपहरणमा परेका भनिएका जनकपुरधामका दुई युवकको भारतमा हत्या भएको छ । गत पुस २७ गतेदेखि सम्पर्क विहिन रहेका जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर ८ जगदिश साहका छोरा वर्ष २० का रोहित साह र वडा नं. १३ रामबाबु साहको छोरा वर्ष २२ को बिष्णु साहको भारतको सितामढी जिल्ला बेला थाना स्थित पर्सा गाउँमा शव फेला परेको हो । जगदीश र रामबाबु दाजुभाई हुन् । यी दाजुभाइका छोराहरुको अपहरणमा गरेर हत्या गरियो ।

पारिवारिक श्रोतका अनुसार रोहितले बिष्णुलाई लिएर घरमा कुनै जानकारी नदिई भारतको सितामढी जिल्लाको बेला परिहार स्थित आफनो नातेदारका लिएर गएका थिए । उनीहरु उता पुगेको दुई दिनमै अपहरणकारीले फोन गरेर फिरौती रकम मागेपछि अपहरणमा परेको कुरा जानकारी आएको देखिन्छ र अपहरणकारीले फिरौती रकम २० लाख मागेको बताइन्छ । अपहरणकारीहरुले बिष्णुको आवाज रेकर्ड गरेर उनको परिवारलाई पठाएको बुझिन्छ ।

परिवारका सदस्यहरुले फिरौती रकमको व्यवस्थापन गरेर अपहरणकारीहरुलाई सर्लाहीको मलंगवा नाकामा फिरौती रकम दिन तयार भएका थिए । तर, त्यसको अघिल्लो दिनदेखिनै अपहरणकारीको मोबाइल स्वीच अफ नै रह्यो, फिरौती रकम कहाँ लिएर जाने कसलाई दिने भन्ने अलमलमा रहिरहेको बेला एक्कासी आइतवार बिहान साह परिवारले छोराहरुको भारतमा हत्या भएको खबर पाए ।

अपहरणकारीहरुले विष्णु साहको मोबाईलबाटै बुवाको मोबाईलमा कोही अपरिचित व्यक्ति फोन गरेर तपाईको छोराको हामीले अपहरण गरेका छौं, १० लाख रुपैया लिएर आउनु र छोरालाई लिएर जानु भनेर फिरौती मागेका थिए । अपरिचित व्यक्तिको फोन आए लगतै आफन्तहरुले प्रहरी कार्यालयमा मौखिक रुपमा जानकारी गराएका थिए र प्रहरी पनि आफ्नो संयन्त्रबाट खोजी कार्यमा जुटेको देखिन्छ । भारतीय प्रहरीको समेत सहयोगमा प्रहरीले खोजविन गरेको भएपनि युवाहरुको ज्यान भने जोगिन सकेन । प्रहरीका अनुसार जानकारी आए लगतै घट्नास्थलमा जिप्रकाबाट प्रहरी नायब उपरिक्षक र प्रदेश प्रहरी कार्यालयबाट प्रहरी निरिक्षक सहितको टोलीले सीमामा पर्ने भारतिय प्रहरीसंग समन्वय गरी नेपाल प्रहरी र भारतिय प्रहरीको संयुक्त टोलीले खोजतलास तथा अनुसन्धान थालेको थियो । अनुसन्धानको क्रममा घटनामा संलग्न रहेको आरोपमा नेपालमा २ र भारतमा तीन जना सहित पांच जनालाई पक्राउ गरिएको छ । पक्राउ परेकाहरुको बयानको आधारमा भारतको बिहारको सितामढी जिल्लाको बेला थानास्थित पर्सा गाउँको एक खेतमा गाडेर राखेका दुई वटा शव भेटिएका छन् ।

घरबाट बेला परिहार स्थित नातेदार कहाँ जाने सोचेर हिंडेका ती युवा त्यहाँ नपुग्दै अपहरणमा परेको अनुसन्धानको क्रममा देखिएको प्रहरीको भनाई छ ।

अपहरण, फिरौती र हत्या केही वर्ष यतादेखि धेरै कममात्र सुनिदै आएका घटना हुन् । पछिल्ला केहि वर्षदेखि यस्ता घटना नियन्त्रणमा आएको थियो तर अहिले जनकपुरधामका दुई युवाहरुको फिरौती असुलीको नाममा अपहरण गरि हत्या गरिएको छ । प्रहरीले घटनामा संलग्नलाई नियन्त्रण लिएर कानूनी कारवाही चलाउने छ भन्ने विश्वासका साथ यस घटनाबाट समाजमा फैलिएको भय र त्रासको वातावरण मेटाउन पनि उत्तिकै भूमिका खेल्नेछ ।

# राष्ट्रिय राजनीतिमा धोकाधडी संस्थागत : शीर्षनेताहरूमा प्रतिस्पर्धा



– केदार सुवेदी

निर्वाचनमा मतदातासमक्ष कम्तीमा पन्ध्र वर्ष यताउता नहुने भनी प्रति( वद्धता जनाइएको पाँचदलीय गठवन्धन निर्वाचनको परिणाम आएर सरकार बनाउने क्रममा टुट्यो। पन्ध्र वर्ष यताउता नहुने भनिएको गठवन्धन नेतृत्वको धोकाधडीका कारण परिणाम आएको (मंसिर ३०) दश दिन पनि टिकेन।

गवन्धको दोस्रो ठूलो दलका नेता माओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड चुनावमा आफैले प्रतिस्पर्धा गरिएको अर्को गठवन्धनको नेतृत्व गरेका एमाले अध्यक्ष केपीशर्मा ओलीको शिविरमा पुगे र उतै बाट प्रधानमन्त्री बने।

नेपाली कांग्रेसले यसलाई ठूलो राजनीतिक धोका भएको भन्यो। पुस १० देखि पुस २५ सम्म प्रचण्डबाट आफुलाई ठूलो धोका भएको भन्ने उसको भनाइ दोहोर्याइनै रह्यो। तर प्रधानमन्त्रीमा नियुक्त भएको सत्रौं दिन पुस २६ मा तिनै प्रचण्डलाई कांग्रेसले विश्वासको मत दियो। कदाचित प्रचण्डले विश्वास नपाएको भए सबै भन्दा ठूलो दलको हैसियतबाट सरकार बनाउने पालो कांग्रेसमा आउथ्यो। त्यो अवसर पनि हेरिएन।

किन यस्तो भयो ? कसैले बुझ्न सकेनन्। नेपाली राजनीतिमा धैरै चतुर मानिएका एमाले अध्यक्ष ओली समेत कांग्रेसको यो कदमबाट झस्किए। ओलीले संसदको रोस्ट्रमबाटै भने, 'यदि यो समर्थन कुनै जाल होइन, यो समर्थन ढोक्सा होइन भने ठिकै छ। ढोक्सा हो भने, जाल हो भने भन्न चाहन्छु, माछा नभएको नदीमा जाल फ्याँकिएको छ। यसभित्र भोलिका निम्ति अरु खालको विशेष आग्रह सोचिएको छ भने ढोक्सा रित्तै हुने छ।'

आफ्नो समर्थनमा बनेका प्रधानमन्त्रीलाई अरुले समेत समर्थन जनाउँदा त्यो दल र त्यसका नेता खुशी हुनुपर्ने हो। तर धोकाधडी हुन लागको देखियो। यो भनेको दलदल र नेता नेता बीच धोकाधडीको राजनीति कुन हदसम्म संस्थागत भैसकेछ भन्ने बुझ्न सजिलो हुने कुरा हो।

प्रधानमन्त्री आफनो दलको मात्रै पकडमा हुँदा आफनो स्वार्थ अनुसार जुनसुकै बेला जेसुकै गर्न सकिने अवस्था थियो। काग्रेसको समर्थनले त्यसलाई तोडिदियो।

ओली यही ठाउँमा रन्थनिएका हुन भन्ने बुझ्न सकिन्छ। यो समर्थनले कुनै न कुनै बेला कतै न कतैबाट आफ्नो एकलौटी वर्चश्व खोसिने भय ओलीमा प्रवेश गरेको हुनुपर्छ। ओलीबाट प्रचण्डलाई यस्तो समर्थन जनाउँदाको अवस्था पनि उनले अरुलाई धोका दिएपछि नै उब्जिएको थियो।

यता कांग्रेसले प्रचण्डबाट धोका भयो भन्न छाड्नु पर्ने भयो। यो चाहि कांग्रेस नेतृत्वले आफ्ना कार्यकर्तालाई दिएको धोका हो। कांग्रेस नेतृत्वको गठवन्धनबाट प्रचण्ड अर्की शिविरतर्फ लाग्दा सबै भन्दा बढी गुमाउनेमा कांग्रेसी कार्यकर्ता नै परेका छन ।

शीर्ष नेतृत्वबाट कसले कसलाई कसरी धोका दिइयो भन्ने पुस दशको एक दिनका घटनाहरूले केही दृश्य देखाउँछन । पुस १० भनेको आमनिर्वाचन २०७९ पछि सरकार बनाउन राष्ट्रपतिले समय दिएको अन्तिम दिन हो। धोकाधडीमा यो दिनका सार्वजनिक नोटमा आएको केही विवरण यस्ता छन् –

एक, देउवाले प्रचण्डलाई धोका दिए भने प्रचण्डले माधवलाई। देउवाले चाहिँ ओलीबाट धोका पाए। यो एक ठाउँमा मात्रै चारजना शीर्षनेता धोका दिने धोका पाउनेमा परेका देखियो।

दुई, पहिलेको गठवन्धनका एक नेता माधव नेपालका अनुसार केपी ओलीले देउवालाई झुक्याए। ओलीले देउवालाई मैले प्रचण्डलाई समर्थन गर्(दिन तपाईँ नै पाँच वर्ष प्रधानमन्त्री बन्नुस भनेर भनेछन्। देउवा मख्ख परे। तर एकछिन पछि प्रचण्डलाई समर्थन गरे।

तीन, त्यसबेलाको अर्थात सवभन्दा पछिल्लो गठवन्धनका दुई नेता ओली र प्रचण्डले यस अघि दुई दुई पटक, उनीहरूकै भाषामा भयंकर धोकाधडीमा परियो भनेका थिए। व्यक्ति तिनै, राजनीति त्यहिँ, परिस्थिति पनि त्यस्तै रहिरहेको अववस्था छ। केवल समय र केही पात्र मात्र फेरिए। पहिले यस्तो धोका ओली-प्रचण्ड-माधवबीचमा हुने गर्थ्यो वा थियो। पल्लिलो समय देउवा त्यसमा थपिए।

धोकाधडीले हैसियतमा परिवर्तन

आम निर्वाचन २०७९ ले नेपाली कांग्रेस, एमाले र माओवादी केन्द्रलाई पहिलो, दोसो र तेस्रो हैसियत दियो। यो सिट संख्या ८९, ७८ र ३२ को हो। पहिलो र दोस्रो भन्दा तेस्रो दलको सिट धेरैकम छ। यी दलका प्रमुख नेता शेरबहादुर देउवा केपीशर्मा ओली र पुष्पकमल दाहाल प्रचण्ड भने धोकाधडीको उच्च प्रतिस्पर्धामा लागे। उनका धोकाधडीले आम निर्वाचनबाट प्राप्त हैसियत पनि वदलिदियो। यद्यपि कसैलाई अति लाभ र कसैलाई अति हानी भने भयो नै।

यतिबेला संसदको तेस्रो दल सरकारको नेतृत्व गरिरहेको छ भने सत्ताको हकदार मानिने पहिलो दल सडकमा झरेको छ। यता सत्तामा भने दोस्रो दलले सवभन्दा ठूलो भाग पााइरहेको छ।

यी सबै एकले अर्कालाई धोका दिएर निर्माण भएको परिस्थिति हो यो। धोका सबैलाई सबैबाट भयो। केवल धोकाको मात्रा कति थियो भन्ने मात्रै हो।

प्रधानमन्त्रीका दावेदार थिए।

तर त्यो दिनको बैठक छाडेर वालुवाटारबाट वोहराटार तर्फ लाग्दै गर्दा पौडेलले भने धोका देउवाबाट प्रचण्डमाथि भएको जनाएका थिए। बालकोटमा जुटेको सहमतिबारे कांग्रेसको धारणा सम्बन्धमा सोधिएको प्रश्नमा पौडेलले भने 'प्रचण्डले धोका दिएको भन्ने पक्षमा म छैन, प्रचण्डलाई धोका भयो।'

प्रचण्ड धोकाधडीमा अरुभन्दा बढी चर्चामा आइरहने नेतामा पर्छन। तर यो



पल्लिलो समय प्रचण्डले पाँचदलीय गठवन्धनलाई धोका दिए। यो धोका उनलाई फाप्यो। त्यस्तो धोका दिएको एकडेढ घण्टामै उनी प्रधानमन्त्रीमा नियुक्त भए। उनी प्रधानमन्त्रीमा नियुक्ती भैरहँदा यता यो गठवनधनका बाँकी चारदल सडकमा झरे।

### पुस १० को विवरण

प्रचण्डको भनाइमा यो गठवन्धनको नेतृत्व गरिरहेका देउवाबाट धोका पाइयो। गठवन्धनको संयोजक रहेका नेपाली कांग्रेसका वरिष्ठ नेताले नै यस्तो जानकारी गराएका हुन्।

पुस १० राष्ट्रपतिले आह्वान गरे अनुसारको सरकार बनाउने अन्तिम दिन हो। त्यस दिन गठवन्धनको गम्भीर बैठक चलिरहेको बेला प्रचण्ड त्यहाँबाट निस्किएर ओली निवास पुगे र त्यता अर्की गठवन्धन बनाएर केही समयमा प्रधानमन्त्रीको नियुक्तिलिन शितल निवास गए। यो दृश्य प्रचण्डबाट देउवालाई धोका दिएको रुपमा लिइयो। यो वेलासम्म गठवन्धनबाट देउवा पटक भने उनीआफै धोकामा परेछन। पौडेलको भनाइले बुझाउने कुरा त्यही हो। यद्यपि प्रचण्डले देउवाबाट कसरी धोका पाए भन्ने चाहिँ खुलिसेको छैन। कांग्रेसको भनाइ छ ठूलो दलको हैसियतले कांग्रेसले सरकारको नेतृत्व दावीगर्नु स्वाभाविक हो।

### ओलीबाट देउवालाई धोका

देउवाले प्रचण्डलाई धोका दिएको आरोप लागिरहेकै बेला यता देउवाले भने ओलीबाट धोका पाएछन् । पुस १० का समाचार विवरणहरूनै यस प्रकारले आए ।

सत्ताको खेलभन्दा बाहिर रहेको जस्तो देखिएको र अर्की गठवन्धनको प्रमुख एमाले यो पटक देउवालाई धोका दिनेमा प्रमुख भएछ। विवरण हरूले त्यसै भन्छन। एमाले अध्यक्ष केपी शर्मा ओलीबाट नेकाका सभापति तथा प्रधानमन्त्री देउवाले धोका पाएका कुरा कांग्रेसी बृत्त बाहिरबाट आएको हो। नेकपा एकीकृत समाजवादीका अध्यक्ष **माध**(

- बाँकी पृष्ठ ६ मा

# असामाजिक बन्दै गएका सामाजिक सञ्जाल

– एकराज पाठक

'विमान खसेको थाहा भएपछि लगत्तै घटनास्थलमा पुग्यौं । हामी धेरै स्थानीय थियौं । म कोही व्यक्तिलाई जीवितै उद्धार गर्न सकिएला कि भनेर जहाजमा च्यापिएका र बाहिर यात्रु खोज्न थालेँ । जहाजका केही पार्ट डिलसम्मै पुगेका थिए । मैले चाहिँ डिलबाट केहीलाई त जिउँदै निकालेको हुँ । बाहिर अरू पनि खसेका थिए । अरूलाई पनि निकाल्न आउनु न भन्दा कोही आएनन् ।

सबै मोबाइलमा भिडियो खिचेर बसे । अझ मैले त तपाइँका बाबुआमा होलान्, दाजुभाइ होलान् आउनुस् न निकाल्न भनेँ । मेरो कुरा कसैले सुनेनन् । म एक्लैले सात जनालाई बाहिर निकालेँ । पछि उनीहरुलाई गण्डकी अस्पताल लगिएको सुनेँ, अहिले के भयो थाहा छैन ।' जहाज खसेको दुःखद दुर्घटनाको पीडा त सबैमा छँदै नै थियो । त्यसमा पनि यी स्थानीयको बयानले धेरैको मन थप छियाछिया बनायो । यही माघ १ गते बिहान पोखरामा यती एयरलाइन्सको विमान दुर्घटना भयो ।

त्यस दुःखद दुर्घटनामा परेर ७२ जनाले ज्यान गुमाए । बिहान विमान खसेपछि तत्कालै घटनास्थलमा पुगेका थिए स्थानीय । तीमध्येका एकको यस्तो बयान सुन्दा, पढ्दा मनै चसक्क बनायो । एकपछि अर्कोगरी अनलाइन समाचारमा जहाजमा रहेका यात्रुको शव भेटिँदै गएको खबरसँगै घटनास्थलबाट यी स्थानीयले प्रस्तुत गरेको यो दृश्यले धेरैलाई रुवायो । सुन्दै अपत्यारिलो लाग्ने यो दृश्यको वास्तविकता कसरी सम्भव छ ? नेपाली मन यतिविधि निर्दयी हुनसक्छ ? नेपाली समाजको यो नियतिको पछाडि आखिर के छ ? नेपाली समाजको सामाजिक पक्षको विकास कसरी भइरहेको छ ? अकल्पनीय यस्ता दृश्यहरु नेपाली समाजमा वास्तविकता बनेर किन र कसरी देखिँ(दैछन् ? प्रश्न समाजशास्त्रीहरुलाई गए पनि सोच्नुपर्ने अवस्था सबैको छ । तर हिजोआज सतहमा देखिएको एउटा उत्तर भने सामाजिक सञ्जाल नै हो । जसले यी अकल्पनीय कल्पनाहरुलाई पनि वास्तविक बनाई दिँदैछन् । यो र यस्तै अरू पनि कतिपय घटना दुर्घटना सुन्ने गरेका छौँ जसको पछाडि सामाजिक सञ्जाल जोडिएर आउने गरेका छन् ।

हो, मानिसको हातमा मोबाइल नभइदिएको भए यो निर्दयता सम्भव थिएन होला । मोबाइलको भिडियो भाइरल बन्ने लत नबसकेको भए कसैले पनि यस्ता दृश्य खिचेर बस्न सक्दैनथ्यो । हुन त उनीहरुका सामु अरू बग्रेल्ती विषयहरु पनि होलान्, तर अबका दिनमा भने समाजशास्त्रीहरुले आफ्ना अनुसन्धानका समस्याका कथन (स्टेटमेन्ट अफ दी प्रब्लेम) सामाजिक सञ्जाल बनाउनुपर्ने देखिन्छ । सामाजिक सञ्जालमा चौबिसै घण्टा झुन्डिने लतले यो र यस्तै अरू के कति स्वरुप र मात्रामा नेपाली समाजलाई असामाजिक बनाउँदैछन् भनेर खोज्नुपर्ने दिन अब आएको छ ।

त्यसो भयो भने यस अनुसन्धानको निष्कर्षमा सामाजिक सञ्जालको सिर्जनात्मक र सही प्रयोग कसरी गर्ने भन्ने निस्कन सक्छ र त्यो सबैलाई काम लाग्न सक्छ । नेपाली समाजलाई पनि 'भिडियो भाइरल' को लतबाट बाहिर निकाली सिर्जनात्म(कतातर्फ लैजान सक्छ । यसबाट सकारात्मक सोचमा र सत्य बक्ने बाटोतर्फ समाजलाई डोऱ्याउन सहज हुनेछ ।

अघिल्लो हप्ता राष्ट्रपति विद्या भण्डारी राष्ट्रपति निवास शीतल निवासबाट साझा यातायातको बिजुली बस चढेर ललितपुरका केही सम्पदाको भ्रमणमा जानुभयो । अघिपछि राज्यले दिएको सुविधाको लावालस्करमा यात्रा गर्ने राष्ट्रपति त्यस दिन सर्वसाधारणले चढ्ने बस चढ्नुभयो । के यो नराम्रो काम थियो ? एकातर्फ नागरिकले सधैँजसो चढ्ने साझा बस चढ्नुभयो जुन हिजोका दिनमा उहाँ पनि चढ्ने गर्नुहुन्थ्यो । अर्कातर्फ इन्धनमा शत(प्रतिशत विदेशमा निर्भर हुनु परिरहेको हाम्रो जस्तो देशमा राष्ट्रपतिले बिजुली बस चढ्नुभयो र जसका कारण बिजुलीबाट चल्ने सवारीहरुको प्रचार पनि भयो । यसरी सकारात्मक रुपमा लिएर प्रचार गर्न पनि त सकिन्थ्यो, जसले समाजमा सकारात्मक सन्देशको ऊर्जा पनि प्रदान गर्दथ्यो । तर सामाजिक सञ्जालमा त राष्ट्रपतिले साझा बस चढ्नुलाई 'नाटक' सम्मको अर्थ लगाइयो र किन यस्तो गरेको भनेर दुष्प्रचारसमेत गरियो ।

यतिमात्र नभएर राष्ट्रपति भण्डारीले बस चढ्दा र ओर्लंदा पिर्कामा टेक्नुभएको विषयको समेत जानाजानी गलत प्रचार गरियो । यसलाई पनि सामाजिक सञ्जालमा विभिन्न अर्थ लगाइयो । कतिले यसैलाई 'राष्ट्रपतिले भुइँमा टेक्न नहुने हो र ?' भनेर समेत अर्थ्याए । के सर्वसाधारणले साझा बसमा हिँड्दा यसरी नै पिर्कामा टेकेर उक्लिन्छन् त भनेर तुलना गरे । कतिपय सामाजिक सञ्जालको आशय यस्तो देखिन्थ्यो कि राष्ट्रपतिले पनि अरुले जे गरेका थिए त्यसै गर्नुपर्दथ्यो । यो कस्तो अमानवीय सोच हो ? कोही व्यक्ति बिरामी छ, उसको शरीरले हुँदैन र कुनै भौतिक वस्तुको सहारा लिनुपर्ने भएरै लिन्छ भने त्यसमाथि किन यसरी कठोर टिप्पणी गर्नु ? सामाजिक सञ्जालमा आउने यस्तै टीकाटिप्पणीहरु हेर्दा लाग्छ सामाजिक सञ्जाल नकारात्मक सन्देश प्रचार गर्न मात्र प्रयोग हुन्छन् । राष्ट्रपति विद्यादेवी भण्डारीले सवारी चढ्दा, ओर्लंदा या कुनै अग्लो स्थानमा उक्लनका लागि पिर्काजस्तो काठको वस्तु प्रयोग गर्नुहुन्छ । तर जबजब उहाँले पिर्काको प्रयोग गरेका तस्बिरहरु सार्वजनिक हुन्छन् त्यसपछि सामाजिक सञ्जालमा यस्ता टिप्पणी आउने गर्दछन् । राष्ट्रपति भण्डारीलाई करिब डेढ दशकअघि ब्लड क्यान्सर भएको थियो । भारतको एपोलो अस्पतालमा क्यान्सरको उपचारका क्रममा दिइने केमोथेरापीको स्टेरोइड औषधिले उहाँको कम्मरको जोर्नीमा खराबी देखिएकाले प्रत्यारोपण गरिएको जोरपाटीस्थित नेपाल अर्थोपेडिक अस्प(तालका विशेषज्ञ डा कैलाश भण्डारी बताउनुहुन्छ । उहाँका अनुसार राष्ट्रपतिको हिपमा खराबी देखिएपछि मेटल 'हिप रिप्लेस्मेन्ट' गरिएको छ, यस्तो बिरामीले धेरै माथिसम्म खुट्टा उठाउनु हुँदैन, समस्या हुन्छ । त्यसैले उहाँ उक्लने र ओर्लने ठाउँ केही अग्लो या होचो छ भने त्यसका लागि 'सपोर्ट' राख्ने गरिएको हुनसक्छ । 'हिप रिप्लेस्मेन्ट' गर्ने मान्छेले माथिसम्म खुट्टा उठाउँदा प्रत्यारोपण गरिएको हिपले ठाउँ छोड्ने (डिस्लोकेट हुने) पनि हुनसक्छ । यसैकारण उहाँले गाडी चढ्ने र ओर्लने बेलामा पनि कुनै अग्लो वस्तुको सहायता आवश्यक पर्ने गर्दछ । कुनै पनि मानिसको शारीरिक अस्वस्थतामाथि निर्दयी भएर यसरी टिप्प(णी गर्न मिल्छ ? यस्तै नकारात्मक टिप्पणी नेपाली कांग्रेसकी नेत्री डा आरजु राणा देउवाप्रति पनि केही अघि गरिएको थियो ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी नेपालको लुम्बिनी आएका बेला उहाँ र प्रधानमन्त्री शेरबहादुर देउवाले बुद्ध भगवान्प्रति बसेर स्तुति गर्नुभएको थियो भने डा आरजुले भने उठेरै गर्नुभएको थियो । उहाँको पनि स्वास्थ्यमा समस्या भएकाले बस्न नमिल्ने भएर उभिएरै प्रार्थना गर्नुभएको थियो । तर त्यो तस्बिर मिडियामा आएपछि सामाजिक सञ्जालमा उहाँको आलोचना नै भयो । कतिपयले प्रधानमन्त्रीहरु बसिरहेका बेला डा आरजु किन उठेको भनेर प्रश्न मात्र गरे । यहाँसम्म कि कसैकसैले त उहाँ उठेको विषयलाई अशिष्टतासम्म भन्न पनि भ्याए । वास्ति(वकता के थियो र उहाँ के कस्तो समस्याले उठ्नुपरेको थियो भन्ने विषयको तथ्यमा धेरै पुगेनन् तथ्यहीन टिप(पणी मात्र गरिरहे । भनिन्छ, संसार छ र त सञ्चार छ । पहिले त संसार हुनुपर्छ नत्र केको सञ्चार गर्नु ? आज विश्वका मिडियामा सबै नागरिकको पहुँच पुग्न नसकेकाले होला सामाजिक सञ्जालको जन्म भएको । यसैले त संसारका मानिसलाई सञ्चारको जालोमा ल्याएको छ। अनि यही सञ्जालले नै यसका प्रयोगकर्ता सबै मानिसलाई सञ्चारकर्मी बनाएको छ । अहिले सञ्चारकर्मी हुनलाई पत्रकार नै हुनु पर्दैन, सामाजिक सञ्जाल भए हुन्छ ।

किनभने हरेक व्यक्तिले यसैबाट सञ्चार गरिरहेको छ । अर्को कुरा यो नागरिक पत्रकारिताको युग पनि हो । अहिले मानिसले सामाजिक सञ्जालबाट नै पत्रकारिता गर्न सक्ने भएको छ र कतिले गरेको पनि छ। त्यसो भए पत्रकारले यस्तो अमानवीय पत्रकारिता गर्न मिल्छ त ? के यसलाई नागरिक पत्रकारिता भन्न मिल्छ ? सामाजिक सञ्जाल भनेका व्यक्तिका पिर व्यथा र खुसी साट्ने तथा खानपिन र उठबसका तस्बिर राख्ने अनि बाँकी सबैजसो आलोचना नै गर्ने माध्यममात्र होइनन् भन्ने बहस हुनु जरुरी छ । जनताका चासोका सूचनाहरु आदानप्रदान गर्ने र बौद्धिक बहस गर्ने 'प्लेटफर्म' पनि हो यो । कति(पय देशमा सामाजिक सञ्जाललाई चुनावी अभियान चलाउने र राष्ट्रका लागि 'एजेन्डा' सेटिङ गर्ने सशक्त औजारका रुपमा प्रयोगमा नै ल्याइसकेका छन् ।

अघिल्लो दशक प्रजातन्त्रका लागि सुरु गरिएको क्रान्तिमा अरब वसन्त नाम दिनसक्ने हैसियत निर्माण गर्ने काम यिनै सामाजिक सञ्जालले नै गरेका थिए । किनभने मध्यपूर्वी देशहरुमा

- बाँकी पृष्ठ ६ मा

# २८ विपन्न परिवारलाई ब्ल्यांकेट वितरण



मधेशदृष्टि
जनकपुरधाम, ९ माघ । जाडो प्रभावित महोत्तरीका २८ विपन्न परिवारलाई काठमाडौंकी एक सहयोगी व्यक्तिले न्यायो बाँडेकी छिन् । महोत्तरी गौशाला नगरपालिका २३ र सम्सी गाउँपालिकाका ५ अति विपन्न परिवारलाई ब्ल्यांकेट वितरण गरिएको हो । जाडोले कठ्यांग्रिएर रात काट्ने अति विपन्न परिवारलाई सरसफाइ अभियन्ता धिरेन्द्र साहको नेतृत्वमा घरघरमै पुगेर ब्ल्यांकेट हस्तान्तरण गरिएको छ । काठमाडौंकी एकजना महिला समाजसेवीले ' जाडोले १५ जनाको ज्यान गइसक्यो, दाउरा बाँडेर बसेको छ सरकार' शीर्षकको समाचार पढेर ३० वटा ब्ल्यांकेट वितरणको लागि पठाएकी थिइन् । उनले आफूले प्रचारका लागि यो सहयोग नगरेको भन्दै आफ्नो परिचय गोप्य राख्न आग्रह गरेकी छिन् । पत्रकार शैलेन्द्र महतोले संयोजन समन्वय गरी उक्त ब्ल्यांकेट सरसफाइ अभियन्ता साहको हातबाट लक्षित परिवार समक्ष पुऱ्याएका हुन् । गौशाला नगरपालिका ४ स्थित मलहनिया पोखरी किनार र वरपर बसोबास गर्ने मध्येका १७ सुकुम्बासी मुसहर र धन्कार समुदाय, गौशाला नगरपालिका २ निगौलका २ जना र इलाका प्रहरी कार्यालय गौशालाको थुनुवालाई तीनवटा बल्यांकेट उपलब्ध गराइएको छ । त्यस्तै सम्सी गाउँपालिका वडा नं. ४ र ५ का डोम र चमार समुदाय गरी पाँच परिवार र धनुषा जिल्लाका ३ जना अति विपन्न परिवारलाई बल्यांकेट वितरण गरिएको हो । सामाजिक अभियन्ता साहले संकटको बेला सरकार मुकदर्शक भएको अवस्थामा सबैले एकअर्कालाई सहयोग गर्नुपर्ने भावनाको विकास गर्न सांकेतिक रुपमा केहि अति विपन्न परिवारलाई बल्यांकेट वितरण गरिएको बताए । सहयोगीलाई धन्यवाद दिँदै उकनले तीनै तहको सरकार अझै पनि संकटमा जनताको जिउज्यानप्रति जिम्मेबार नबनेको आरोप लगाए । संकटको घडीमा आफू भन्दा गरिब तथा विपन्न परिवारलाई सबैले सहयोग गर्नुपर्ने र सरकारले यस्तो बेलाको लागि पूर्व तयारी गर्नुपर्ने साहको भनाइ छ । ब्ल्यांकेट वितरणमा महिला अधिकारकर्मी पुजा साह, इलाका प्रहरी कार्यालय गौशालाका प्रहरी निरीक्षक रञ्जन मिश्र, सञ्चारकर्मी अमरेश मल्लिक, रामबाबु यादव लगायतले सघाएका थिए ।

## राष्ट्रिय राजनीतिमा धोकाधडी.....................

**वकुमार** नेपालले यसको पोल खोलका हुन। उनका अनुसार देउवाले ओलीको कुरा नबुझ्दा अवस्था भताभुंग भएको हो। उनले भने - 'केपी ओलीले देउवालाई फोन गरेको थाहा पाएपछि प्रचण्ड रिसाएर हिँडेछन्। ओलीले देउवालाई मैले प्रचण्डलाई समर्थन गर्दिनँ, तपाईँ नै पाँच वर्ष प्रधानमन्त्री बन्नुस भनेर भनेछन्। देउवा मख्ख परे। प्रचण्ड बालुवाटारबाट गठबन्धन तोडियो भनेर हिँडेपछि पनि देउवालाई विश्वास थिएन। केपी ओलीको निवासमा हस्ताक्षर हुन थालेपछि देउवा झस्किए । उनले मलाई फोन गरेर रोक्न भने। तर ढिलो भैसकेको थियो। नेता नेपालले १२ पुसमा आफ्ना सांसदहरूलाई बधाई तथा शुभकामना दिने क्रममा यस्तो जानकारी गराएका हुन ।

प्रचण्डबाट माधवलाइ धोका

यो विवरण पनि १० पुस कै हो। माओवादी केन्द्रका अध्यक्ष प्रचण्डलाई पहिलो कार्यकाल प्रधानमन्त्री दिन देउवाले अस्वीकार गरेपछि प्रचण्डले नै बालकोट पुगेर एमाले सहित सात दलको समर्थनमा सरकार गठन गर्ने सहमति गरेका थिए। तर यता उनका अति निकट भनी चिनिएका माधवले भने यसको सुइको समेत पाएनन्।

विगत लामो समयदेखि कायम रहेको र चुनावमा सिटसमेत बाँडफाँड गरिएकाहरूसँग सम्वन्ध तोडेर प्रचण्ढ नयाँ गठवन्धन तर्फ लाग्नु यो गठवन्धनलाई प्रचण्डले दिएको धोका नै थियो। गठवन्धनका एक सदस्य नेपालले दुइदिन पछि प्रचण्डको यो धोकाधडीको रहस्य खोले। उनका अनुसार सँगै छलफल गर्ने सल्लाह थियो, मलाई सुइको समेत नदिइ ओली भेट्न प्रचण्ड एक्लै जानुभयो।

प्रचण्ड र नेपालको गठवन्धन दुई वर्षअघि १० पुस ०७७ मा 'हामी यहाँ छौँ' भन्ने प्लेकार्ड बोकेर माइतीघरको सडकमा पलेटी कसेर बसेबाट सुरुभएको थियो। तत्कालीन प्रधानमन्त्री ओलीले प्रतिनिधिसभा विघटन गर्दाको कुरा हो यो। त्यसको दुई वर्ष पूरा भएकै दिन १० पुस २०७९ मा प्रचण्ड नेपालको यो गठवन्धन प्रचण्डको धोकाधडीबाट तोडियो। यो घटनाको तेस्रो दिन नेपालले भने - 'हामीलाई कांग्रेसले नि हेप्यो, माओवादीले नि हेप्यो। त्यस दिन ठ्याक्क चार बजे शेरबहादुरजीको फोन आयो। 'माधवजी, तपाईंले प्रचण्डजीलाई तुरुन्त फोन गरेर पहिलो प्रधानमन्त्री तपाईं हो भनिदिनुपर्यो' भन्नुभयो। समय बितिसकेपछि, घर्की सकेपछि, हस्ताक्षर गरिसकेपछि राष्ट्रपतिकहाँ हिँड्ने बेलामा तपाईंले भनेर के हुन्छ ? समयमा बुद्धि पुर्याउनु छैन' भनेर मैले भने।

### धोका दिँदै गल्ती मान्दै

यसको चौथो दिन सरकारलाई समर्थन प्रस्ताव गर्दै प्रचण्डले माधवलाई भने- ओलीसँगको छलफलमा खबर नगर्नु गल्ती भयो। सरकार नियुक्त भएको चौथो दिन प्रचण्डले गत पुस १० गते बालुवाटारबाट बाहिरिने क्रममा नेकपा एमालेका अध्यक्ष ओलीको बालकोटस्थित नि(वासको छलफलमा जाऔं नभन्नु आफ्नो गल्ती थियो। यो दिन प्रचण्ड नेपालको समर्थन माग्न गएका थिए। नेपालका अनुसार 'प्रचण्डजीलाई मैले ओलीसँग छलफलमा जाऔँ भनेँ तर निस्कने बेला खबर नगर्ने ? यो रबैयाबाट म असन्तुष्ट छु भनेँ, हतारमा भन्न पाइएन। यसमा मेरो गल्ती भयो भनेर प्रचण्डले भन्नुभयो।

ओली र प्रचण्डका मिलाप र धोकाका शृत्त ला अनौपचारिक रुपले सार्वजनिक भएका पछिल्ला जानकारी अनुसार ओली र प्रचण्डका बीचमा आउँदो पाँचवर्षको समय आधाआधा सरकार चलाउने भनी भद्र सम्झौता भएको छ तर यी दुई नेताले यसअघि दुइदुइपटक एकअर्कालाइ धोका दिइसकिएको अवस्था छ। त्यसको एउटा विवरण -

२०७२ असोजमा ओलीले एमाओवादीको साथमा सरकार गठन गरे। यसमा निर्वाचन नहुन्जेल आधाआधा सरकार चलाउने भनिएको थियो तर ओलीले त्यो आधा समयमा सत्ता छाडन चाहेनन्। त्यसपछि एमाओवादीकै नेतृत्वमा प्रधानमन्त्री ओलीविरुद्ध अविश्वासको प्रस्ताव ल्याइयो। त्यसमाथि मतदान हुनै लाग्दा आफु अल्पमतमा पर्ने देखिएपछि ओलीले राजीनामा दिए र कांग्रेसको साथ लिएर प्रचण्ड प्रधानमन्त्री भए । यो २०७३ साउनको कुरा हो। उनले नौ महिना चलाएर २०७४ जेठमा कांग्रेसलाई छाडिदिए। कांग्रेससँग संयुक्त सरकार चलिरहेकै बेला त्यही वर्षको असोजमा प्रचण्डले एमालेसँग गठवन्धन गरे। अर्थात प्रचण्डबाट कांग्रेसलाई धोका भयो। यो गठवन्धन सरकामा वस्दावस्दै उता एमालेसँग चुनावी गठवन्धन बनाइयो।

२०७४ मंसिरको निर्वाचनमा एमाले र माओवादी केन्द्र मिलेर निर्वाचन लडे र २०७५ जेठ ३ गते यी दुइ पार्टीबीच एकता नै भयो। अव एमाले र माओवादी रहेनन् नेकपा मात्रै भयो। त्यसबेलाको ओली प्रचण्ड गोप्य सहमतिमा उनीहरूले 'समानता र समान अवधिका आधारमा आवश्यकता अनुरुप दुवै अध्यक्षले आलोपालो सरकारको नेतृत्व गर्ने' भनिएको थियो।

तर यो सम्झौताको पनि ओलीले पालना गरेनन् भन्ने माओवादीको बुझाइ रह्यो। त्यसपछि प्रचण्डले तत्कालीन नेकपाको अर्को धार माध(वकुमार नेपालको साथ लिएर ओलीमाथि दबाब दिन थाले। यसले प्रतिनिधिसभा विघटन, नेकपा विभाजन देखिका काण्डहरू गरायो। यही क्रममा फेरी देउवाको नेतृत्वमा प्रचण्ड सहितको गठवन्धनको सरकार बन्ने अवस्था आयो। करिव दुइतिहाइको ओली सरकार ढल्यो र एमाले सवै प्रदेश सरकारबाट पनि बाहिरिन पुग्यो ।

यसको प्रमुख कारण थियो ओलीले सम्झौता अनुसार प्रचण्डलाई आधाआधा भनिएको समयमा सत्ता नदिनु। पछिल्लो कालखण्डमा ओली प्रचण्डको आलोपालो गर्ने यो तेस्रो सम्झौता हो। दुई पटक त धोका भै नै सक्यो। तेस्रोपटक केहोला भन्ने परिणाम आउन बाँकी छ। यति चाहिँ सत्य हो जिवीत रहेका शीर्ष नेताहरू धोकाधडीमा उच(चस्तरको प्रतिस्पर्धा गरिरहेका छन्।

पछिल्लो चुनावमा यी दुई दल अघिल्लो नि(र्वाचनको तुलनामा हारे। एमाले १२१ बाट झरेर ७८ मा आएको छ भने माओवादी ५३ बाट ३२ मा। नेपाली काँग्रेसले प्रत्यक्षतर्फ २३ बाट ५७ बनायो तर समानुपातिकमा ४० बाट ३२ मा झरेको छ। यसको अर्थ मतदाता भने नेतृत्वको धोकाधडी रुचाउँदैनन।

श्रोत : आइएनएस(स्वतन्त्र समाचार)

# छिन्नमस्ता बाहिनीद्वारा डा. गुप्ता सम्मानित



मधेशदृष्टि
बीरगञ्ज, ९ माघ। २२ औं सशस्त्र प्रहरी दिवस २०७९ को अवसरमा सशस्त्र प्रहरीको मधेश प्रदेशको छिन्नमस्ता वाहिनी मुख्यालयले वीरगञ्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासङ्घका केन्द्रीय सदस्य डा. सुबोधकुमार गुप्तालाई कदर पत्रद्वारा सम्मान गरेको छ ।

सशस्त्र प्रहरी बल नेपाल नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय, बर्दीवास, महोत्तरीले एक कार्यक्रमको आयोजना गरी वाहिनी प्रमुख सशस्त्र प्रहरी नायब महानिरीक्षक गणेशबहादुर ठाडा मगरले वीरगञ्ज उद्योग वाणिज्य सङ्घले निस्वार्थ भावनाले गरेको सहयोगको कदर गर्दै सम्मान गरेको हो ।

सो अवसरमा सम्मान ग्रहण गर्दै डा. गुप्ताले पर्सा तथा बारा जिल्लामा अवस्थित वीरगञ्ज पथलैया औद्योगिक कोरिडोरको शान्ति सुरक्षा हेतु सशस्त प्रहरीको एक टोली औद्योगिक टास्क फोर्सका रुपमा कार्यरत रही कोरिडोरको शान्ति सुरक्षा तथा अमन चैनको वातावरण बनाउने कुरामा जोड दिएका थिए ।

उनले उत्कृष्ट काम गरिरहेको र अहिले सरकारले उक्त टास्क फोर्सलाई हटाइएको र हटाएको टास्क फोस्सलाई पुनः बहाल गरी औद्योगिक कोरिडोरको शान्ति सुरक्षालाई पुनः निरन्तरताका लागि डिआईजी ठाडा मगरको ध्यानाकर्षण गराउनु भएको थियो ।

नायब महानिरिक्षकले वीरगञ्ज पथलैया औद्योगिक कोरिडोरको शान्ति सुरक्षा हेतु आफु तत्पर रहेको बताउँदै टास्क फोर्स पुनः गठनका लागि आवश्यक सल्लाह सुझाव हेतु मधेश प्रदेश छिन्नमस्ता वाहिनी सदैव साथमा रहने बताए । कार्यक्रममा बीउवा संघका वरिष्ठ उपाध्यक्ष अनिलकुमार अग्रवाल, उपाध्यक्ष माधव राजपाल, का.स.स. सुरेश रुँगटा लगायतको सहभागिता रहेको थियो ।

## उपराष्ट्रपतिको दौडमा ............

। मलाई यो पद देऊ भनेर कसैलाई भनेको पनि छैन ।

साहले भने, 'पार्टीलाई उपयुक्त लागेमा उपराष्ट्रपति वा अन्य कुनै पद दिए लिन तयार छु । यो उमेरमा मलाई यो पद चाहियो त्यो पद चाहियो भनेर चाहिँ माग्दिन ।' उम्रको हिसाबले आफू निर्वाचनमा पनि भाग लिने पाउनेछैनौं, त्यही भएर उपराष्ट्रपति पद नै उपयुक्त रहेको जस्तो लाग्छ । श्रोतका अनुसार तिनी प्रधानमन्त्री प्रचण्डसँग भेटेर आफ्नो इच्छा राखिसकेका छन् ।

यस्तै रोल्पा गृह जिल्ला भएकी जयपुरीले गत निर्वाचनमा प्रत्यक्ष चुनाव लड्न चाहेकी थिइन् । तर, प्रदेश र प्रतिनिधिसभा दुबैतर्फ उनले टिकट पाइनन् । अहिले आएर जयपुरीले उपराष्ट्रपतिमा इच्छा देखाएकी हुन् । 'मैले उपराष्ट्रपति बन्छु भनेर हुँदैन । पार्टीले निर्णय गर्नु पऱ्यो,' जयपुरीले भनिन्, 'पार्टीले उपयुक्त जिम्मेवारी दिन्छन भन्ने लागेको छ ।

पूर्वउपसभामुख एवम् बाँकेबाट यसअघि निर्वाचित पूर्णकुमारी सुवेदीले खुलेरै उपराष्ट्रपतिका लागि लबिङ गरेकी छन् । अब उमेरले समेत प्रत्यक्ष चुनाव लड्न नसक्ने भएकाले उपराष्ट्रपति माग गरेकी छन् । प्रधानमन्त्री प्रचण्डसहित शीर्ष नेतालाई भेटेर सुवेदीले उपराष्ट्रपतिमा आफ्नो इच्छा भएको बताइसकेकी छन् । यस्तै पार्टी महासचिव देवप्रसाद गुरुङ निर्वाचनमा पराजित भएसँगै उनकी श्रीमती यशोदा सुवेदी गुरुङले उपराष्ट्रपतिमा लबिङ गर्दै आएकी छन् । यशोदाले अब सक्रिय राजनीति गर्न नसक्ने भएकाले उपराष्ट्रपतिमा व्यवस्थापन गर्नुपर्ने माग राखेकी छन् ।

यस्तै सचिव दिनानाथ शर्माले आफूलाई उपराष्ट्रपति बनाउनुपर्ने भन्दै चर्को रूपमा लबिङ गरिरहेको प्रधानमन्त्री निकट एक नेताले बताए । सांसद र मन्त्री भइसकेकाले अब आफ्नो इच्छा उपराष्ट्रपतिमा भएको उनले बताउने गरेका छन् ।

यस्तै सचिव डिलाराम आचार्य र लीलामणि पोखरेलले पनि अब राजकीय भूमिका पाउनुपर्ने माग राख्दै आएका छन् । यद्यपि पोखरेलले उपराष्ट्रपति को बन्दै छ र कोको आकाङ्क्षी छन् भन्ने विषयमा आफूलाई थाहा नभएको प्रतिक्रिया दिए । पोलिटब्यूरो सदस्य रामेश्वरराय यादवले पनि प्रधानमन्त्री प्रचण्डलाई भेटेर उपराष्ट्रपति बनाउन माग गरिसकेका छन् । यसअघि मन्त्री र सांसद भई सकेका यादव यो पटक समानुपातिक सांसद हुन खोजेका थिए । तर, समानुपातिक सांसद हुन नपाएपछि उनले उपराष्ट्रपतिमा दाबी गरेका हुन् ।

आगामी चैत ५ गते उपराष्ट्रपति पुनको कार्यकाल पुरा हुँदैछ भने संवैधानिक व्यवस्था अनुसार राष्ट्रपति र उपराष्ट्रपतिको म्याद सकिन एक महिनाअगावै निर्वाचन गर्नुपर्ने हुन्छ । यस आधारमा उपराष्ट्रपति पुनको लैनचौरस्थित उपराष्ट्रपतिको कार्यालय ग्रीन हाउसमा बस्न अब दुई महिना पनि छैन । उपराष्ट्रपति पुन २०७२ साल कात्तिक १४ गते उपराष्ट्रपति भएका थिए भने २०७४ को निर्वाचनपछि उनी उनले नै निरन्तरता पाएका थिए ।

## असामाजिक बन्दै गएका ........

प्रजातन्त्रको बहार ल्याउन सामाजिक सञ्जालकै मुख्य भूमिका थियो । अहिले जनजीविकाका विषयदेखि सामुन्द्रिक तटमा बसेका मानिसह(रुलाई सुनामी आउने सूचनाबाट बचाउने कामसम्मका लागि यिनै सामाजिक सञ्जालको सहायता लिने गरिएको छ । भारतमा त सूचनाको हकको प्रयोग गर्न सामाजिक सञ्जालबाट थालिएको अभियानले भ्रष्टाचार विरुद्धको अभियान नै सञ्चालन गऱ्यो र यही अभियानको उपजका रुपमा अरबिन्द केजरीवाल जस्ता नेता जन्मिए । त्यसैले हामीले पनि सामाजिक सञ्जालको प्रयोग देश र जनताका लागि यस्तै सिर्जनात्मक रुपमा गरौँ । अहिले असामाजिक बन्दै गएका सामाजिक सञ्जाललाई यसैगरी छोड्यौँ भने यसले हामी र हाम्रो समाजलाई सकारात्मक हुन नै सिकाउँदैन । अनि यस्तै दुरुपयोगबाट नै सिर्जना, धैर्यता र सत्य हराउँदै जाने खतरा दिनप्रतिदिन बढ्दै जानेछ । रासस

# साह परिवारद्वारा विद्यालयलाई जग्गा दान

मधेश दृष्टि
जनकपुरधाम, ९ माघ । धनुषा जिल्लाको सबैला नगरपालिका वडा नं.११ ईनर्वा गाउँमा एक विद्यालयलाई जग्गा दिइएको छ ।

ईनर्वा निवासी राम एकवाल साह प्रेश स्वतन्त्रता सेनानी तथा वरिष्ठ पत्रकार राम भरत साह र बिजय शंकर साहले बुवा स्व.राम सागर साहको नाउँमा सगोलमा रहेको ५ कठा जग्गा, रामदेव साहले १ कठा १८ धुर र श्याम किशोर साहले ५ कठा जग्गा सोही गाउँमा रहेको श्री जनता राष्ट्रिय प्राथमिक विद्यालयलाई २ मा स्तरोन्नती गर्न दान दिएका छन् । उक्त विद्यालयको नाउँ परिवर्तन गरि केश्वर साह गेनियाँ देवी राष्ट्रिय प्राथमिक विद्यालय २ हुने सर्व सम्मत निर्णय भएको छ ।

प्रदान गरिएको जग्गा मध्येमा रहेको साह परिवारको लगभग १ बिग्हामा रहेको पोखरी समेत विद्यालयलाई दान गरिएको छ ।

केश्वर साह र गेनियाँ देवीको ३ पुत्र राम रतन साह,राम सागर साह र राम सोभित साहको सगोलमा रहेको सो पोखरीको सौन्दर्यीकरण गरि उत्तर डिल केश्वर साह गेनियाँ देवी ,पूर्वी डिल राम रतन साह रमिया देवी ,पश्चिमी डिल राम सागर साह र शारदा देवी र दक्षिणी डिल राम सोभित साह र सुगनी देवी घाट नामाकरण गर्ने र उत्तरी डिलमा रहेको मनकामना सिद्ध हनुमान मन्दिर र सोही डिलमा रहेको शिवलिङ्ग मन्दिरको पूर्नरनिर्माण र अब उपरान्त पूजा आजाको सबै जिम्मा विद्यालयले गर्ने समेत सर्व सम्मत निर्णय गरिएको छ ।

मिति ०७९ साल माघ महिनाको ८ गतेका दिन श्री जनता राष्ट्रिय प्राथमिक विद्यालय ईनर्वाको प्राङ्गनमा भएको सर्वपक्षिय बैसारमा सबैला न.पा.का मेयर श्री कारीराम यादव ,उपमेयर श्रीमती रहिमा खातुन,सोही न.पा.का.वडा नं.९ का वडाध्यक्ष श्री मनिष राय ,नेपाल बार एसोसिएशन धनुषाका पूर्व अध्यक्ष अधिवक्ता रामनेक साह,वडा नं.११ का पूर्व वडाध्यक्ष विशेश्वर यादव,उत्तिम यादव,दुलारचन्द यादव,भोला यादव,समसुल शेष लगायत सयौंको संख्यामा सहभागिता रहेको थियो ।

एजुकेशनल हबको रुपमा निर्माण गर्ने सोच लिएका सबैला न.पा.वडा नं.११ का वडा अध्यक्ष ई.सरोज यादवले वर्तमानमा सो कार्यका लागि वडाले आफनो बजेटबाट रु.४४ लाख र न.पा.ले रु.६० लाख गरि कूल रु.१ करोड ४ चाख छुटयाएको वडा अध्यक्ष यादवले जानकारी गराए ।

उक्त कार्यक्रम वडा अध्यक्ष ई.सरोज यादवको अध्यक्षता र मेयर कारीराम यादवको प्रमुख आतिथ्य तथा उपमेयर रहिमा खातुनको विशेष उपस्थितीमा सम्पन्न भएको थियो । उक्त विद्यालयको स्थापना बि.स.२०३२ सालमा साह परीवार द्धारा नै उपलब्ध गराईएको १ विग्हा १० धुर जग्गाबाट भएको थियो ।

# विद्यालय भवनको शिलान्यास

छठु साह
बीरगंज, ९ माघ। पर्साको पकहामैनपुर गाउपालिका वडानम्बर ४ लहारवथरीमा पकहामैनपुर गाउपालिकाका अध्यक्ष सुरेश मेहताले ४ कोठे भवनको एक कार्यक्रमका बिच शिलान्यास गरेको छ ।

राष्ट्रिय शैक्षिक सुधार परियोजना कार्यकरम अन्तर्गत श्री बरम्हस्थान नेपाल राष्ट्रिय प्राथमिक बिधालय लहावरथकरीमा ४५ लाखको लागतमा निमार्ण हुने ४ कोठे भवनको गाउपालिका अध्यक्ष मेहताले शिलान्यास गरेको हो ।

प्रधानाध्यापक उमेश यादवको अध्यक्षतामा भएको शिलान्यास कार्यकरममा नेपाली कांगरेस पार्टीका पकहामैनपुरका सभापति हरि चौहान, उपाध्यक्षका परतिनिधी नसुरल्लाह मिया, वडानम्बर ४ का वडाअध्यक्ष ढेडी यादव, वडानम्बर दुईका वडाअध्यक्ष मुकुट चौहान, ५ का बलिराम चौरसिया, समाजसेवी अनिल साह, नेपाली कांगरेसका युवा नेता राकेश कुश्वाहा, समाजसेवी गणेश कुमार साह तेली लगायतका सयौ स्थानिय नेता तथा कार्यकर्ता र स्थानियहरुको सहभागीता रहेको थियो ।

## गृहमन्त्रीको राजीनामा ..................................

घटनालाई मोड्न थालेको हो ।

यस्तै मृतकका मामा मुकेश साहले प्रहरीलाई हामीले अपहरण गरेर राखेको लोकेसन, घटनामा संलग्नहरुको पहिचान सहित जानकारी दिएर एक्सन लिन भन्यौं । तर प्रहरीले बिना तथ्य प्रमाणमा कसरी पक्राउ गर्ने, भारत अर्को देश भएको कारण हतपत गर्न नमिल्ने भन्दै आलटाल गर्दै आए । समयमै प्रहरीले एक्सन लिएको भए हाम्रो दुइटै भान्जाको ज्यान जोगिन सक्थयो तर त्यसो भएन ।

**यस्तो थियो घटना**

गत दुई साता अघि पुस २७ गते भारतको बेला परिहार स्थित आफ्ना नातेदार कहाँ जान्छु भनेर मोटरसाइकलबाट घरमा कुनै जानकारी नदिई निस्के । तर नातेदार कहाँ नपुग्दै रोहित र विष्णु भारतमा अपहरणमा परे ।

घरबाट निस्केको दुई दिनपछि पुस २९ गते अपहरणकारीले विष्णुकै मोबाइलबाट उनको बुवासँग फिरौती वापत ५० लाख रुपैया माग गरेको थियो । अपहरणकारीको फोन आएपछि उनको परिवारजनले थाहा पायो कि तिनीहरु अपहरणमा परेको छ । थाहा पाए लगतै अपहरित परिवारले धनुषा प्रहरीलाई जानकारी गरायो । जानकारी भए लगतै प्रहरीले भारतीय प्रहरीसँग समन्वय गरी सूचना पाएको लोकेशनमा खोजतलाश गर्न थाले ।

यसैबीच अपहरणकारीले अपहरितहरुको आवाज समेत कल रेकर्ड पठाएपछि आफ्नो छोराको ज्यान जोगाउन तिनीहरुले २० लाख रुपैयासम्म दिने सहमत भएका थिए । तिनीहरुलाई सीमावर्ती सर्लाहीको मलंगवामा फिरौती रकम लिएर आउन अपहरणकारीले भने । त्यसपछि अपहरणकारीको मोबाइल स्वीच नै रहयो ।

एक्कासी आइतवार बिहान अपहरित परिवारले खबर पायो भारत विहार राज्य सितामढी जिल्लाको बेला थाना स्थित पर्सा गाउँमा तिनीहरुको शव फेला परेको छ । प्रहरीले खोजतलाश गर्दै जाँदा शनिवार अबेर राति सूचना पाएका ठाउँमा उत्खन्न गर्दा शव फेला पारेको थियो । शव भेटिए लगतै पिडीत परिवारलाई शव सनाख्त गर्न घटना स्थलमा लगेको थियो ।

घटनापश्चात भारतीय प्रहरीले ५ र नेपाल प्रहरीले ४ जना गरी अहिलेसम्म ९ जनालाई पक्राउ गरिसकेको छ । यसअघि प्रहरीले भारतमा तीन र नेपालमा सहित दुई जना सहित ५ जनालाई पक्राउ गरेको थियो ।

यता, धनुषाका प्रहरी उपरीक्षक विश्वराज खड्काले अपहरणको जानकारी पश्चात भारतीय प्रहरीसँग समन्वय गरेर स्थानीय प्रशासन खोजतलासमा सक्रियपूर्वक लागेको जानकारी दिएका छन् । उनले अपहरणकारीले पठाएको रेकर्ड परिवारजनले प्रहरीलाई समयमा जानकारी नदिएको बताएका छन् ।

प्रहरीकै लापरवाहीका कारण हत्या भएको आरोप बारे उनले भने ती आरोप गलत हो । हामीले खबर पाए लगतै भारतीय प्रहरीसँग समन्वय गरी खोजतलाश थालेका थियौं । तर भारतीय प्रहरीको आवश्यक सहयोगको आभावले गर्दा जुनरुपमा अघि बढनुपर्ने थियो । त्यस रुपमा अघि बढन सकेनौं । उनले प्रहरी घटनाको नजिक पुगिसकेको छ । चाँडै नै सत्यतथ्य बाहिर ल्याउने बताएका छन् ।

## जाडोमा अपनाउनुपर्ने सावधानीहरु

*केही समय यता बढ्दो चिसो शीतलहरले गर्दा जनजीवन प्रभावित परेको छ । त्यसैले चिसोबाट बच्न यी उपायहरु अपनाऔं ।*

- शरीरको सबै भाग ढाक्ने गरी बाक्लो तथा न्यानो लुगा लगाऔं ।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा दर्घ रोगीहरुलाई चिसोबाट बचाऔं ।
- आमाको दुध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त मात्रामा सेवन गरौं, धुम्रपान तथा मधपान नगरौं ।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या जस्तै ज्वरो आएमा, झाडा पखाला लागेमा, दम बढेमा, खोकी लागेमा घ्यार-घ्यार भएमा, श्वास फेर्न कठिनाई भएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- सुत्ने कोठामा आगो, हिटर, मकल, कोइला ब्रिकेट आदि बाली झयाल ढोका बन्द गरेर कहिल्यै नसुतौं ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछाडौं ।

मुखियापट्टी मुसहरनीया गाउँपालिका
धनुषा, मधेश प्रदेश

# अलराउण्डर आदिल अन्सारी र पूर्वक्रिकेटर महबुब आलम पक्राउ




९ माघ, काठमाडौं। नेपाल टी-२० लिगमा स्पट फिक्सिङमा संलग्न भएको आरोपमा पूर्वराष्ट्रिय क्रिकेटर महबुब आलम र राष्ट्रिय क्रिकेट टोलीका सदस्य आदिल अन्सारी पक्राउ परेका छन् ।

केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) को टोलीले उनीहरुलाई पक्राउ गरेको प्रहरी उच्च स्रोतले बतायो ।

आलम नेपाल राष्ट्रिय क्रिकेट टोलीका पूर्वअलराउण्डर हुन् । उनको नाममा एकैखेलमा १० विकेट लिएको कीर्तिमानी छ ।

पक्राउ परेका अन्सारीले गत जेठमा मात्रै अमेरिकाविरुद्धको खेलबाट राष्ट्रिय टिममा डेब्यू गरेका थिए । उनले जनकपुर रोयल्सबाट नेपाल टी-२० लिग खेलेका थिए ।

उनीहरुले नेपाल क्रिकेट संघ (क्यान) को रणनीति साझेदार सेभेन थ्री स्पोर्टस्का मालिक जतिन अहुवालियाको योजना अनुसार स्पट फिक्सिङमा सहयोग गरेको सीआईबी स्रोतले जनाएको छ ।

सीआईबीका अधिकृतहरुका अनुसार आलमले जतिनलाई अन्य खेलाडीहरुसँग पनि सम्पर्क गर्न सहयोग गरेका थिए । उनी टिममा भने आवद्ध थिएनन् ।

त्रिवि क्रिकेट मैदानमा ९ देखि २७ पुससम्म नेपाल टी-२० लिग भएको थियो । त्यसमा 'म्याच फिक्सिङ' गर्ने प्रयास भए पनि अनुसन्धान सुरु भएपछि त्यो सम्भव नभएको सीआईबीका निर्देशक उत्तम सुवेदीले बताए ।

उनले भने, 'सट्टेबाजी (बेटिङ) बाट असूली गर्ने उद्देश्यले यो प्रयास भएको थियो, तर हल्लाखल्ला भएपछि स्पट फिक्सिङ मात्रै सम्भव भयो ।'

पहिला नै निर्धारण गरिएका गतिविधिका बलमा खेलको नतिजा हेरफेर गर्ने गरी निश्चित खेलाडीसँग लेनदेन गर्नु 'स्पष्ट फिक्सिङ' हो ।

खेल चलिरहेका बेला फिक्सिङका लागि आफ्ना खेलाडीहरुलाई अफर आएको भन्दै राष्ट्रिय क्रिकेट टोलीका पूर्वकप्तान ज्ञानेन्द्र मल्लले खुलासा गरेका थिए । त्यसबारे अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आईसीसी) को 'एन्टी करप्सन युनिट'लाई जानकारी गराइएको उनले बताएका थिए ।

पछि प्रतियोगिताका कमेन्टेटर सचिन तिमल्सिनाले पनि फिक्सिङ भएको दाबीसहित फेसबुकमा भिडियो वक्तव्य जारी गरेर जिम्मेवारीबाट बाहिरिएको घोषणा गरेका थिए । त्यसपछि उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेले पनि अनुसन्धान गर्न प्रहरी प्रधान कार्यालय, नक्साललाई निर्देशन दिएका थिए ।

लगत्तै सीआईबीले प्रहरी नायब उपरीक्षक (डीएसपी) सुन्दर तिवारीको नेतृत्वमा ६ सदस्यीय छानबिन समिति गठन गरेर अनुसन्धान थालेको थियो । खेलमा सबै टिमबाट गरेर ५६ नेपाली र ३४ जना विदेशी खेलाडी सहभागी थिए ।

# पाकिस्तानभरी विद्युत अवरुद्ध



इस्लामाबाद, ९ माघ

पाकिस्तानभरी सोमबार बिजुली अवरुद्ध भएको छ । यस विद्युत अवरुद्धको कारण कराँची र लाहोरका सहरहरुसहित देशका २२ करोड भन्दा बढी मानिसहरू प्रभावित भएका छन् ।

पाकिस्तानको बिजुली वितरण प्रणाली एक जटिल र नाजुक वेब हो । ग्रिडको एक भागमा समस्याले देशभरि ब्रेकडाउन निम्त्याउन सक्छ । तीन घण्टा लामो विद्युत अवरुद्ध विगत दुई वर्षमा दोस्रो पटक भएको हो । सोमबार बिहान ७:३० बजे राष्ट्रिय ग्रिडमा त्रुटि आएको कारण यस प्रकार देशभर विद्युत अवरुद्ध भएको जनाइएको छ ।

'विद्युतीय प्रणाली फ्रिक्वेन्सीमा बिहान राष्ट्रिय ग्रिडमा घट्यो जसले ठूलो ब्रेकडाउन निम्त्यायो,' ऊर्जा मन्त्रालयले जारी गरेको विज्ञप्तिमा जनाइएको छ। राजधानी र उत्तरपश्चिमी सहर पेशावरका केही भागमा सीमित विद्युत पुर्नस्थापनासँगै मर्मत कार्य चलिरहेको थियो । एक करोड ५० लाखभन्दा बढी जनसंख्या भएको बन्दरगाह सहर कराँची र एक करोडभन्दा बढी जनसंख्या भएको लाहोर विद्युतविहीन रहेको जनाइएको छ । जनवरी २०२१ मा यस्तै ब्रेकडाउनले दक्षिणी पाकिस्तानमा देशको प्रसारण प्रणालीमा त्रुटि देखा पर्दा सम्पूर्ण देश अन्धकारमा डुबेको थियो । कमजोर अर्थतन्त्र, राम्रो प्रबन्ध मिलाउन नसक्नु र भण्डारण सुविधाको अभाव जस्ता कारकहरूको संयोजनका कारण पाकिस्तान लामो समयदेखि ऊर्जा अभावबाट ग्रस्त छ।अस्पतालहरू प्रायजसो जेनेरेटरहरूसँग ब्याकअप हुन्छन् जबकि विद्यालयहरूले आफ्नो कक्षा कोठा तताउन ग्यास प्रयोग गर्छन्। यस हिउँदमा लोडसेडिङले घरेलु घरपरिवार र कपडा उत्पादनलगायतका उद्योगहरूलाई असर गरेको छ, पाकिस्तानको सबैभन्दा ठूलो उद्योगहरूमध्ये एक, केही प्लान्टहरू अस्थायी रूपमा बन्द छन् । (रासस/एएफपी)

# लिबियाको सहयोगका लागि संयुक्त राष्ट्रसंघको आग्रह



त्रिपोली, ९ माघ

लिबियाको सहयोगका लागि संयुक्त राष्ट्रसङ्घले आग्रह गरेको छ । लिबियाका लागि संयुक्त राष्ट्रसङ्घीय महासचिव एन्टोनियोग गुटेरेसका विशेष प्रतिनिधिले सो आग्रह गरेका हुन ।

उहाँले लिबियाको आर्थिक अवस्था निकै कमजोर हुदै गएकाले केही वर्षयतादेखि जारी सङ्कटको समाधानका लागि सहयोगका लागि आग्रह गरेका हुन । लिबियाका लागि संयुक्त राष्ट्रसङ्घीय महासचिवका विशेष प्रतिनिधि अब्दुल्लाह बाथीले आइतबार त्रिपोलीमा आयोजित एक कार्यक्रममा सो आग्रह गरेका हुन । आइतबार लिबियाको राजधानी त्रिपोलीमा आयोजना भएको अरबका विदेशमन्त्रीहरुको एक परामर्श बैठकमा उनले लामो समयदेखि जारी रहेको लिबियाको सङ्कट समाधानका लागि लिबियाका छिमेकी देशहरुका साथै अरब देशहरुसमक्ष आग्रह गरेका हुन ।

सो बैठकपछि उनले ट्वीटमा लेखेका छन - विगत लामो सयमदेखि लिबिया आर्थिक लगायतको सङ्कटमा छ, त्यसैले यसका छिमेकी देशहरु, अरब देशहरुका साथै अन्य अन्तर्राष्ट्रिय सरोकारवालाहरुलाई आग्रह गर्दछु ।

उनले लिबियाका सबै राजनीतिक दलहरुका साथै हाल लिबियालाई सहयोग गर्दै आएका विदेशी दाता राष्ट्रहरुले पनि लिबियाको विकासका लागि ऐक्यवद्धता जनाउनुपर्नेमा जोड दिएका छन । लिबिया राजनीतिक अस्थिरता तथा आपसरी द्वन्द्वका कारण लामो समयदेखि आर्थिक संकटमा परेको छ । हाल यहाँको आर्थिक व्यवस्थामा सहयोग गर्नुपर्ने देखिएको संयुक्त राष्ट्रसंघले बताउँदै आएको छ । (रासस/सिन्ह्वा)

# भवन भत्कँदा सोह्र जनाको मृत्यु



अलेपो, ९ माघ

सिरियाको दक्षिणी प्रान्तमा अलेपोमा रहेको एक आवासीय भवन भत्कँदा त्यसमा रहेका कम्तीमा पनि १६ जनाको ज्यान गएको बताइएको छ । यहाँको एउटा साततले भवन भत्कँदा ती मानिसको मृत्यु भएको बताइएको हो । त्यस दुर्घटनामा पाँच जना बालबालिका पनि परेका छन् ।प्रहरीका अनुसार उक्त भवनमा सात परिवार बसेका र ती परिवारका गरेर १६ जनाको ज्यान गएको हो । सो स्थानका स्थानीय बासिन्दाले उक्त भवनमा ३५ जनाको बसोबास रहेको बताएका छन् । भवनका भग्नावशेषबाट एक जनालाई मात्र जीवित उद्धार गरिएको छ । प्रहरीले मृतकको स॰्या अझै बढ्नसक्ने बताएको छ। यहाँको सरकारी समाचार समिति सानाले सो भवनको भग्नावशेषमा पुरिएको आशङ्कामा उद्धारको काम जारी रहेको जनाएको छ । एक दशकभन्दा लामो समयदेखि जारी युद्धका कारण उत्तरी जिल्ला अफ्रिनबाट विस्थापित भएका सिरियाली नागरिक उक्त भवनमा बस्दै आएका सिरियाली गृह मन्त्रालयका अधिकारीले जनाएका छन् । सिरियामा जारी द्वन्द्वमा परी करिब पाँच लाख नागरिकको ज्यान गइसकेको छ । अधिकांश विस्थापित सिरियाली यस्तै कमजोर प्रकृतिका भवनमा बस्दै आएका छन् । गएको सेप्टेम्बरमा पनि अलेप्पोनजिकको फर्दवासमा एक यस्तै कमजोर भवन भत्कँदा तीन जना बालबालिकासहित दश जनाको मृत्यु भएको जानकारी गृह मन्त्रालयका अधिकारीले जनाएका थिए । (रासस/सिन्ह्वा)

# इजिप्टका वकिलहरुको हडताल अन्त्य

कायरो, ९ माघ

इजिप्टियन बार एसोसिएसनका सदस्यहरूले आइतवार छ जना सहकर्मीहरुलाई जेल हालेको विरोधमा आयोजित एक दिन लामो हडताल फिर्ता लिएका एक विज्ञप्तिमार्फत जनाएको छ ।

यस महिनाको सुरुमा अदालतमा झगडा गरेकोमा आफ्ना सहकर्मीहरुलाई दुई वर्षको जेल सजायको निन्दा गर्न सङ्घले बिहीबार खुला बन्द हडतालको घोषणा गरेको थियो । बार एसोसिएसनले 'काम निलम्बन रद्द गर्ने' निर्णय गरेको विज्ञप्तिमा जनाइएको थियो ।

आइतबार पुनरावेदन अदालतले ६ जनालाई रिहा गर्न र फेब्रुअरी ५ मा फैसला सुनाउने आदेश दिएपछि यो कदम आएको हो । इजिप्टको भूमध्यसागरीय तटमा



रहेको मार्सा माट्रोहमा जनवरी छ मा अदालतको सत्रमा तीन क्लर्कहरूसँगको लडाइमा भाग लिएकोमा वकिलहरूलाई बुधबार सजाय सुनाइएको सरकारी दैनिक अल-अहराम जनाएको थियो । सङ्घले पहिले दाबी गरेको थियो कि अधिकारीहरूले 'वास्तविक औचित्य बिना' हिरासतमा राख्ने अधिकारीहरूको 'स्पष्ट मनसाय' थियो, 'वास्तविक अनुसन्धान गर्न समय नलिई उनीहरूलाई मुद्दामा ल्याउन हतार' भनी निन्दा गरेको थियो। (रासस/एएफपी)

# कोलम्बिया सरकार र विद्रोही समूहको शान्तिवार्ताको स्वागत



कराकस, ९ माघ

कोलम्बियाको सरकार र यहाँका विद्रोही समूहका बीचमा आगामी महिना हुने भनिएको शान्ति वार्ताको यहाँका विद्रोही समूहले स्वागत गरेका छन् ।

कोलम्बियाको सरकारले यहाँका विद्रोहीहरुसँग शान्तिवार्ता हुने जानकारी शनिबार गराएको थियो । यहाँका विद्रोही समूह नेशनल लिबरेसन आर्मी (इएलएन) सँग आगामी महिना शान्ति वार्ताको सहमति भएको थियो । शनिबारको सो सहमतिको यहाँको सो विद्राही समूहले आधिकारिक रुपमा स्वागत गरको हो ।

यहाँका विद्रोही समूहले सोमबार सो शान्तिवार्ताका माध्यमबाट सबै समस्याको समाधान निकाल्नुपर्ने भन्दै अबको दोस्रो चरणको वार्ताबाट देशमा शान्ति स्थापनाका लागि सहयोग पुग्ने अपेक्षा गरिएको बताएको हो ।

अबको वार्तामा सरकारी पक्ष पनि आसावादी भएको र दुवै पक्ष सहमतिको नजिकमा पुग्ने सम्भावना धेरै रहेको सरकारी वार्ता टोलीका संयोजकले शनिबार बताएका थिए ।आगामी वार्ताका लागि दुवै पक्षबीच समझदारी भएको र आगामी केही दिनमा नै युद्धविराम गरिने पनि सो समूहले सोमबार एक विज्ञप्ति प्रकाशन गरेर जानकारी दिएको छ ।

यहाँको सरकारले यहाँ दशकौँसम्म जारी रहेको हिंसाको अन्त्यका लागि शान्ति वार्ताका माध्यमबाट अधिकतम प्रयास गर्ने बताएको र सोही प्रयासस्वरुप आगामी महिना शान्ति वार्ता हुन लागेको हो । (रासस/सिन्ह्वा)

# दशौँ राष्ट्रिय एष्ट्रोनोमी ओलम्पियाडको आवेदन खुला

काठमाडौँ, ९ माघ । विद्यालय तहका विद्यार्थीको प्रतिभा पहिचानका लागि गरिने दशौँ राष्ट्रिय एष्ट्रोनोमी ओलम्पियाडका लागि आवेदन खुला गरिएको छ। विद्यालय तहका विद्यार्थीको प्रतिभा पहिचान तथा प्रवर्द्धनका लागि सन् २०१४ देखि सञ्चालित कार्यक्रममा यसवर्ष कक्षा ८ देखि १२ सम्मका विद्यार्थीले आवेदन दिन सक्नेछन् । विद्यार्थीको तहगत सिकाइलाई ध्यान दिँदै सन् २०१९देखि राष्ट्रिय एस्ट्रोनोमी ओलम्पियाड कनिष्ठतर्फको प्रतियोगिता थप गरिएको हो । वरिष्ठतर्फ भने यो प्रतियोगिता सन् २०१४ देखि नै सुरु भएको थियो । हाल वरिष्ठ र कनिष्ठ गरी दुई विधामा यो प्रतियोगिता आयोजना गरिन्छ। कनिष्ठतर्फ जनवरी १, २००८ पछि जन्मिएका कक्षा ८-१० सम्मका विद्यार्थीले भाग लिन पाउने आयोजक संस्था नेपाल एष्ट्रोनोमिकल सोसाइटीका अध्यक्ष सुरेश भट्टराईले राससलाई जानकारी दिए। वरिष्ठतर्फ जुलाई १, २००३ पछि जन्मिएका कक्षा ११-१२ का विद्यार्थीले भाग लिन पाउने छन् । ओलम्पियाडको पहिलो चरणअन्तर्गत छानोट परीक्षा प्रादेशिक चरणमा आयोजना गरिँदै छ। आगामी फागुन १३ गते शनिबार मध्याह्न १२ बजेदेखि २ बजेसम्म इटहरी, जनकपुर, काठमाडौँ, पोखरा, बुटवल, सुर्खेत तथा धनगढीमा पहिलो चरणको प्रतियोगिता आयोजना गरिने भएको छ। इच्छुक विद्यार्थीले आफूलाई पायक पर्ने सम्बन्धित प्रदेशका सोसाइटीका संयोजक वा केन्द्रीय कार्यालयमा सिधैँ आवेदन फारम बुझाउन सक्ने जनाइएको छ। पहिलो चरणमा गरिएको प्रदर्शनका आधारमा दोस्रो अर्थात् राष्ट्रिय चरणमा सम्बन्धित प्रदेशका विद्यार्थीलाई सामेल गराइनेछ । दोस्रो चरणमा उत्कृष्ट प्रदर्शन गर्ने विद्यार्थीलाई तेस्रो तथा अन्तिम चरणमा सहभागी गराइने सोसाइटीले जनाएको छ । तेस्रो चरणको मूल्याङ्कनमार्फत् सहभागी विद्यार्थीलाई यो वर्ष कनिष्ठतर्फकालाई ग्रीसमा र वरिष्ठतर्फका विद्यार्थीलाई पोल्यान्डमा आयोजना हुने अन्तर्राष्ट्रिय एस्ट्रोनोमी तथा एस्ट्रोफिसिक्स ओलम्पियाडमा भाग लिन सिफारिस गरिने कार्यक्रम छ ।रासस

## जाडोमा अपनाउनुपर्ने सावधानीहरु

*केही समय यता बढ्दो चिसो शीतलहरले गर्दा जनजीवन प्रभावित पारेको छ । त्यसैले चिसोबाट बच्न यी उपायहरु अपनाऔं ।*

- शरीरको सबै भाग ढाक्ने गरी बाक्लो तथा न्यानो लुगा लगाऔं ।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा दर्घ रोगीहरुलाई चिसोबाट बचाऔं ।
- आमाको दुध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त मात्रामा सेवन गरौं, धुम्रपान तथा मधपान नगरौं ।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या जस्तै ज्वरो आएमा, झाडा पखाला लागेमा, दम बढेमा, खोकी लागेमा घ्यार-घ्यार भएमा, श्वास फेर्न कठिनाई भएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- सुत्ने कोठामा आगो, हिटर, मकल, कोइला ब्रिकेट आदि बाली झयाल ढोका बन्द गरेर कहिल्यै नसुतौं ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछाडौं ।

कमला नगरपालिका
धनुषा, मधेश प्रदेश

# मधेश विश्व विद्यालयलाई ३० विगाहा जग्गा उपलब्ध गराइने



मधेशदृष्टि
बीरगंज, ९ माघ । पर्साको बहुदरमाई नगरपालिकाले मधेश विश्वविद्यालयलाई पालिकाको वडा नम्बर २ बैरियाविर्ता स्थित ३० विगाहा ऐलानी जग्गा उपलब्ध गराउने निर्णय गरेको छ । बहुदरमाई नगरपालिकाका प्रमुख सिंहासन साहको अध्यक्षतामा सोमवार सम्पन्न सर्वपक्षिय भेलाले मधेश विश्वविद्यालय निर्माणका लागि ३० विगाहा जग्गा उपलब्ध गराउने निर्णय गरेको हो ।

सर्वपक्षिय बैठकमा मधेश प्रदेश सभाका सदस्य श्याम पटेल, नेकपा एमालेका शिव पटेल, जनता समाजवादी पार्टीका जिल्ला सचिव तवरेज आलम, बहुदरमाई नगरपालिकाकी उप प्रमुख सुष्मा कुसवाहा, विश्वबिद्यालयका उपकुलपति प्राध्यापक डा दीपक शाक्य, रजिस्टर विजय यादव लगायत बहुदरमाई नगरपालिकाका वडा अध्यक्षहरु, नागरिक समाजका अगुवा, समाजसेवी, बुद्धिजीवी महिलाहरुको सहभागिता रहेको थियो । कार्यक्रमको सहजिकरण बहुदरमाई नगरपालिका वडा नं २ का वडा अध्यक्ष जितेन्द्र पटेलले गरेका थिए ।



रेडक्रस जनकपुरधामले निमार्ण गरेको तीन तले भवन जसमा विम नै राखिएको छैन,भुकम्प प्रतिरोधी घर बनाउनुपर्नेमा व्यवसायीक उदेश्यले बनाइएको सटरहरुले मानवीय क्षति गराए त्यस्को क्षतिपुर्ति कसले तिर्ने ? सम्वन्धित निकाय किन निद्रामा ? *तस्विर : मधेशदृष्टि*

# पर्साका प्रजिअ ढकाललाई सम्मान तथा विदाई



मधेशदृष्टि
बीरगंज, ९ माघ । होटल तथा पर्यटन व्यवसायी संघ वीरगंजले पर्साका प्रमुख जिल्ला अधिकारी उमेश कुमार ढकाललाई सम्मान तथा विदाई गरेको छ ।

जिल्ला प्रशासन कार्यालय पर्साका प्रमुख जिल्ला अधिकारी ढकालको सरुवा भएपछि उहाले पर्सा जिल्लामा रहेर गरेका काम सह्रानीय रहेको भन्दै संघले सम्मान तथा विदाई गरेको हो । संघका अध्यक्ष हरि पन्तको अध्यक्षतामा भएको कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख जिल्ला अधिकारी ढकालले आफ्नो पर्सा जिल्लाको कार्यकाल सफल बनाइदिएकोमा सबैप्रति आभार व्यक्त गरे । आफु एक्लैले चाहेर काम गर्न नसकिने बताउँदै उनले यहाँका होटल व्यवसायी, बुद्धिजिवी, सामाजिक अभियानता, सञ्चारकर्मी लगायत सबैको सहयोग पाएको बताए । वीरगंजबाट सकारात्मक भाव लिएर जाँदै गरेको बताउँदै उनले वीरगञ्जको बसाई आफ्नो लागि अविस्मरणीय रहने बताउनुभयो । होटल व्यवसाय राति १२ बजेसम्म खोल्न पाउने नियममा गृहकार्य भइरहेको हुँदा व्यवसायीहरुको माग केही समयभित्रै सम्बोधन हुने विश्वास पनि उनले दिलाएका छन् ।

संघका अध्यक्ष पन्तले होटल व्यवसायीहरुका समस्याका सम्बन्धमा प्रशासनीक सहयोगमा प्रमुख जिल्ला अधिकारीले कुनै कसर बाँकी नराखेको बताउँदै नयाँ ठाउँको कार्यकाल पनि सफल होस् भन्ने शुभेच्छा व्यक्त गरे । कार्यक्रममा केन्द्रिय सदस्यद्वय सुरेन्द्र राउत श्रेष्ठ, रचेन्द्र थापा, संघका शेखर चौधरी, माधव बस्नेत, हिरा श्रेष्ठ, कुबेर कार्की, सन्दिप बस्नेत, वीरगञ्ज उद्योग वाणिज्य संघका सहसचिव अनुज रुंगटा लगायतको उपस्थिती रहेको थियो ।

# बीरगंज हरियाली बनाउन रंगरोगन तथा काटछाँट

मधेशदृष्टि
बीरगंज, ९ माघ । बीरगंज नगरलाई हरियाली र स्वथ्य सफा बनाउने अभियान अन्तरगत सोमवारदेखि नगरक्षेत्रका टि गाड रङ रोगन तथा बिरुवाहरुको काटछाँट गर्ने कार्य सम्पन्न भएको छ । झण्डै एक महिना देखि ग्रिनसिटी सामुदायिक सेवा केन्द्रले नगर क्षेत्रलाई हरियाली र सफा गर्ने अभियान शुरु गरेको थियो । ग्रिन सिटी सामुदायिक केन्द्रका अध्यक्ष प्रकाश खेतानको अध्यक्षतामा सम्पन्न कार्यक्रममा वडा प्रहरी कार्यालय विर्ताका प्रहरी निरिक्षक विशाल मल्ल, अशोक कुमार महतो, ज्योति रुगटा,सरफुदिन मिया, रतन टेमानी, सुशिल टेमानी, राकेश अग्रवाल लगायत बिभिन संघ संस्थाका प्रतिनिधि, सेवा केन्द्रका पदाधिकारीहरुको सहभागिता रहेको थियो । यसैगरी बीरगंज महानगरपालिकाले आज सडकमा फोहोर फालेको आरोपमा वीरगंजको आदर्शनगर स्थित सिद्धार्थ बैंक लिमिटेडलाई जरिवाना गरेको छ ।

सडक पेटीमा बैंकको फोहोर जथाभावी फालेको आरोपमा सिद्धार्थ बैंकलाई १ हजार रुपैया जरिवाना गरिएको वीरगंज महानगरपालिकाका सरसफाई फाँटका प्रमुख सरसफुद्दिन मियाले जानकारी दिनुभयो । विगत केहि समय यता वीरगंज महानगरपालिकाले नगर क्षेत्रमा जथाभावी फोहोर फाल्नेलाई जरिवाना गर्दै आएको छ ।

# चेतावनीपछि तिलावे पुलको बाँकी काम शुरु



मधेशदृष्टि
बीरगंज, ९ माघ । काम सम्पन्न नै नगरी उद्धाटन गरिएको हुलाकी राजमार्ग अन्तर्गत वीरगन्ज-ठोरी सडकखण्डको तिलावे नदीको पुलको बाँकी काम कारवाही गर्ने चेतावनीपछि ठेक्केदार कम्पनीले काम शुरु गरेको छ ।

हुलाकी राजमार्ग आयोजनाको चेतावनीपछि ठेक्केदार कम्पनी लुम्बिनी बिल्डर्सले करिब २ साता अघि बांकी काम शुरु गरेको हो । पप्पु कन्स्ट्रक्सन र लुम्बिनी बिल्डर्स ज्वाइन्ट भेन्चरका कम्पनी हुन् ।

तर उद्धाट्न गरिएको लामो समय बितिसक्दा पनि पुलमा बाँकी रहेको अधुरो काम सम्पन्न गर्न ठेकेदार कम्पनीले तदारुकता नदेखाउँदा हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय वीरगन्जले दुबै कम्पनीलाई कारबाहीमा लैजाने चेतावनी दिएको थियो । त्यसपछि मात्रै लुम्बिनी बिल्डर्स अधुरो काम सम्पन्न गर्न तयार भएको हो । कार्यालयका प्रमुख दारोगा प्रसादले काम अधुरो राखेर दुबै कम्पनी मौन बसेपछि दुबैलाई कारबाहीको दायरामा ल्याउने चेतावनी दिएपछि लुम्बिनी काम सम्पन्न गर्न तयार भएको बताए । लुम्बिनी बिल्डर्स प्रालिका साइट इन्चार्ज कविराज पौडेलले पप्पु कन्स्ट्रक्सनले पहिला काम गर्छु भनेर पछि काम नगरेपछि लुम्बिनीले बाध्यतावश् अधुरो काम सम्पन्न गर्न हात हालेको बताए ।फागुन मसान्तसम्म काम सम्पन्न गर्ने अवधि बाँकी रहेको तर यहि रफतारमा काम गर्न पाए आउँदो २ साताभित्र काम सम्पन्न गरिसक्ने दाबी पौडेलले गरे ।

हाल पुलको पूर्व र पश्चिम दुबै तर्फ ३/३ मिटर लम्बाई र ११/११ मिटर चौडाईको एबुडमेन्ट ढलाइको काम सम्पन्न गर्न लागिएको उहाले बताए । यसबाहेक खोलाको पूर्वी किनारमा १ सय ५५ र पश्चिमी किनारमा १ सय ६५ मिटर लामो तटबन्ध निर्माण गरिएको पौडेलले बताए ।

त्यसैगरी, पुलको सुरक्षाको लागि २० मिटर लामो र ७ मिटर चौडा एप्रोच साइड ग्यावलिन समेत निर्माण भइरहेको बताउदै अहिले ८ वटा ह्युम पाइप जडान गरिसकिएको जनाइएको छ ।

# बाराबाट एकै दिन ३३२ जना फरार प्रतिवादी पक्राउ



मधेशदृष्टि
बीरगंज, ९ माघ । जिल्ला प्रहरी कार्यालय बाराले एकै दिनमा ३ सय ३२ फरार प्रतिवादीलाई पक्राउ गरी कारवाहीका लागि जिल्ला अदालतमा बुझाएका छन् । अदालतबाट फैसला कार्यान्वयनको लागि प्राप्त फरार प्रतिवादीहरूलाई पक्राउ गरी कानूनी कारवाहीको दायरामा ल्याउने उदेश्यले संचालित फरार प्रतिवादी पक्राउ अभियान सोमवार बिभिन्न मुद्दाका ३ सय ३२ जना फरार प्रतिवादीहरूलाई जिल्लाका विभिन्न ठाउँबाट पक्राउ गरी सम्मानित बारा जिल्ला अदालतमा आवश्यक कारवाहीको लागि बुझाएको छ ।

लामो समयदेखी अदालतबाट कैद तथा जरिवानाको फैसला भई कानूनी कारवाहीको दायराबाट भाग्दै लुकीछिपी बस्दै आएका फरार प्रतिवादीहरूलाई पक्राउ गरिएको हो ।

यसमा अधिकतम ६ वर्ष ५ महिना १० दिन कैद सजाय भएका जिल्ला बारा कलैया उ.म.न.पा. वडा नं.१ बस्ने विजय दास देखी बैकिङ्ग कसूर मुद्दामा रु.७,००,०००/- जरिवाना सजाय भएका जिल्ला बारा पचरौता नगरपालिका वडा नं.२ बस्ने एजाजुल हक अंसारी, हातहतियार खरखजाना मुद्दामा २।११।०६ दिन कैद सजाय भएका जिल्ला बारा निजगढ नगरपालिका वडा नं. १ बस्ने बासु चौधरी लगायत छन ।

पक्राउ परेका मध्ये ३६ जनालाई थुनुमा राख्न पर्सा कारागार कार्यालय चलान गरिएको छ भने बाँकी जरिवाना भुक्तान गरी मुक्त भएका छन । फैसला कार्यान्वयन गरी समाजमा सुरक्षाको अनुभुति दिलाउन र अपराध गरिसकेपछि कोही पनि तोकिएको सजाय, जरिवाना भुक्तान नगरी लुकीछिपी बस्न नसक्ने हुँदा प्रहरीले फैसला कार्यावन्यनलाई अभियानको रूपमा संचालन गरेको हो । साथै यस्तो कारवाहीलाई अगामी दिनमा समेत निरन्तरता दिइनेछ ।

जाडोमा अपनाउनुपर्नें सावधानीहरु

*केही समय यता बढ्दो चिसो शीतलहरले गर्दा जनजीवन प्रमावित पारेको छ । त्यसैले चिसोबाट बच्न यी उपायहरु अपनाऔं ।*

- ☞ शरीरको सबै भाग ढाक्ने गरी बाक्लो तथा न्यानो लुगा लगाऔं ।
- ☞ बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा दर्घ रोगीहरुलाई चिसोबाट बचाऔं ।
- ☞ आमाको दुध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- ☞ तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त मात्रामा सेवन गरौं, धुम्रपान तथा मधपान नगरौं ।
- ☞ स्वास्थ्य सम्बन्धी कुनै समस्या जस्तै ज्वरो आएमा, झाडा पखाला लागेमा, दम बढेमा, खोकी लागेमा घ्यार-घ्यार भएमा, श्वास फेर्न कठिनाई भएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- ☞ सुत्ने कोठामा आगो, हिटर, मकल, कोइला ब्रिकेट आदि बाली झयाल ढोका बन्द गरेर कहिल्यै नसुतौं ।
- ☞ आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछाडौं ।

शहिदनगर नगरपालिका
धनुषा, मधेश प्रदेश

जाडोमा अपनाउनुपर्नें सावधानीहरु

*केही समय यता बढ्दो चिसो शीतलहरले गर्दा जनजीवन प्रमावित पारेको छ । त्यसैले चिसोबाट बच्न यी उपायहरु अपनाऔं ।*

- ☞ शरीरको सबै भाग ढाक्ने गरी बाक्लो तथा न्यानो लुगा लगाऔं ।
- ☞ बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा दर्घ रोगीहरुलाई चिसोबाट बचाऔं ।
- ☞ आमाको दुध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- ☞ तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त मात्रामा सेवन गरौं, धुम्रपान तथा मधपान नगरौं ।
- ☞ स्वास्थ्य सम्बन्धी कुनै समस्या जस्तै ज्वरो आएमा, झाडा पखाला लागेमा, दम बढेमा, खोकी लागेमा घ्यार-घ्यार भएमा, श्वास फेर्न कठिनाई भएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- ☞ सुत्ने कोठामा आगो, हिटर, मकल, कोइला ब्रिकेट आदि बाली झयाल ढोका बन्द गरेर कहिल्यै नसुतौं ।
- ☞ आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछाडौं ।

सुखिपुर नगरपालिका
सिरहा, मधेश प्रदेश

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल